

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर
The Worker Daily दैनिक
- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



★ वर्ष : २७ ★ अङ्क : ३३९ ★ ने. सं. ११४६ पोहेला थ्व, सप्तमी ★ शनिबार ★ १२ पुस, २०८२ ★ December 27, 2025, Saturday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## देश विदेशको राजनीतिक स्थितिबारे नयाँ पुस्तालाई जानकार बनाउनुपर्ने




भक्तपुर, ११ पुस । जेन्युइन स्कूलको ३० औं वार्षिकोत्सव समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शुक्रबार सम्पन्न भयो ।

समारोहमा अध्यक्ष बिजुक्छेँले विद्यालयहरूको अपेक्षित विकास हुनु राम्रो पक्ष रहेको र नयाँ पुस्तालाई अध्ययनका साथै खेलकुद, गीतसङ्गीतलगायत सबैतिर पोख्त बनाउनु सान्दर्भिक भएको बताउनुभयो ।

उहाँले शिक्षक शिक्षिकाहरूले पाठ्यक्रममात्र पढाएर नपुग्ने र देश विदेशको राजनीतिक स्थितिबारे नयाँ पुस्तालाई जानकार बनाउनुपर्ने बताउनुभयो ।

देशको राजनीतिक स्थितिबारे चर्चा गर्दै उहाँले वर्तमान सरकारलाई नागरिक सरकार भन्न नमिल्ने बरु सैनिक सरकार रहेको मान्न सकिने बताउनुभयो ।

भदौ २३-२४ को घटनाबारे तत्कालीन प्रधानमन्त्री केपी ओलीले मलाई केही थाहा थिएन भन्नु ओलीको नालायकीपन वा अक्षमता रहेको बताउँदै अध्यक्ष बिजुक्छेँले राज्यसत्ता के हो र राज्यसत्ताको सञ्चालन कसरी हुन्छ भनी थाहा नपाएकाहरू सत्तामा पुग्दा देश पटक पटक सङ्कटमा फसेको छ भन्नुभयो ।

समारोहमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले भक्तपुरलाई सम्पदा, शिक्षा र स्वास्थ्यको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य राखेको र त्यो क्रमश: पूरा हुँदै गएको बताउनुभयो ।

उहाँले भक्तपुरमा शिक्षाको गुणस्तर वृद्धिमा जेन्युइन स्कूलले पुर्‍याइरहेको योगदानको निम्ति धन्यवाद व्यक्त गर्दै समाजको सकारात्मक परिवर्तनका निम्ति सबैले निरन्तर कार्य गरिरहनुपर्नेमा जोड दिनुभयो ।

त्रिविका अवकाश प्राप्त प्रा. डा. सोमप्रसाद खतिवडाले देशको संस्कृति र सम्पदा संरक्षण गरे देश विकासमा टेवा पुग्ने बताउँदै भक्तपुर नगरपालिका र भक्तपुरका जनताले गरिरहेको सम्पदा संरक्षण कार्य सराहनीय रहेको बताउनुभयो ।


***बाँकी पृष्ठ २ मा***


## चीन अहिले विश्वको पहिलो अर्थतन्त्र हुने क्रममा




भक्तपुर, ११ पुस । विश्व सर्वहारावर्गका महान् गुरुहरू जोसेफ स्तालिन र माओ त्सेतुङको १३२ औं जन्मदिवसको अवसरमा 'महिला भेला तथा प्रशिक्षण कार्यक्रम' शुक्रबार सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सोभियत सङ्घका जनताले स्तालिनको नेतृत्वमा विजय प्राप्त गरेको, दोस्रो विश्वयुद्धमा फासीवादलाई पराजित गरेको र सोभियत सङ्घको समाजवाद रक्षा गर्न स्तालिनले रुसी जनताको नेतृत्व गर्नुभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सोभियत कम्युनिस्ट पार्टीका नेताहरू लेनिन र स्तालिनको नेतृत्वको समाजवादले रुसलाई २०-२५ वर्षमै विकासको पथमा अघि बढाएको थियो । सोभियत सङ्घका नेताहरू ख्रुश्चेभदेखि गोर्वाचोभ र एल्सिनसम्मका नेताहरू खराब भएको हुँदा रुसको कम्युनिस्ट पार्टी विघटन गरियो र देश १५ टुक्रामा विभाजन भयो ।"

समाजवादमा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुन्छ र व्यक्तिको समस्या समाजले सम्बोधन गर्छ भन्दै सचिव सुवालले पुँजीवादी व्यवस्थामा केही व्यक्तिहरूको हितमा देशको स्रोत र साधन उपयोग गरिने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "माओ त्सेतुङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले चीनलाई कृषि, उद्योग, चिकित्सा क्षेत्र, अन्तरिक्ष अभियानमा समेत अघि बढाएको छ । चौध ओटा साम्राज्यवादी देशहरूले उपनिवेश बनाएको चीन अहिले विश्वको पहिलो अर्थतन्त्र हुने क्रममा छ ।"

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले वर्तमान विश्वमा नेता स्तालिनको कुशल नेतृत्व र माओ विचारधाराको सान्दर्भिकताबारे उल्लेख गर्नुभयो ।


***बाँकी पृष्ठ ३ मा***


## भाषा, कला र संस्कृति बचाउन सके आफ्नो पहिचान कायम गर्न सकिने




भक्तपुर, ११ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एकीकृत हाकुज्या प्रजापति समाज र कल्चर क्याफे एन्ड बारको संयुक्त आयोजनामा पुस ११ र १२ गते हुने पोटरी स्क्वायर स्ट्रिट फेस्टिभलको चाखमा माटोको भाँडा बनाएर उद्घाटन गर्नुभयो ।

सडक महोत्सव पूर्ण सफलताको शुभकामना दिँदै उहाँले भाषा, कला र संस्कृति बचाउन सकेमात्र हामीले आफ्नो पहिचान कायम गर्न सकिने बताउनुभयो ।

उहाँले माटोको भाँडा बनाउने काम मानव विकास र सभ्यतासँग जोडिएको विषय हो भन्दै यो पेसा प्रजापति समुदायको मुख्य पेसा र रोजगारीको प्रमुख स्रोत पनि भएको बताउनुभयो ।

पुराना सीपहरू संरक्षण गर्नु भनेको नयाँ पुस्तालाई मानव सभ्यतासँग परिचित गराउनु पनि हो भन्दै उहाँले माटोको भाँडा बनाउने पेसामा धेरै चुनौती थपिए तापनि यहाँका समुदायहरूले यसलाई जीवन्तता दिने काम गर्दै आएको सराहनीय छ भन्नुभयो ।

भक्तपुरको तालाको क्षेत्र ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय हिसाबले पनि एकदम महत्त्वपूर्ण ठाउँ भएको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले विदेशी पर्यटकको मात्र भर नपरी आन्तरिक पर्यटन प्रवर्धनमा पनि जोड दिँदै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव र विभिन्न समयमा आयोजना गरेका ससाना महोत्सवहरूले गर्दा भक्तपुरलाई वर्षैभरि महोत्सवमय बनाउन टेवा पुर्‍याएको बताउँदै पुराना पुस्ताको अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्ने अभिप्रायले पनि भक्तपुर नगरपालिकाले विविध गतिविधिहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।


***बाँकी पृष्ठ ८ मा***


## चिनियाँ जनवादी क्रान्ति सफलतामा पुर्‍याउन माओको योगदान महत्त्वपूर्ण

कालीकोट, ११ पुस । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरू माओ त्सेतुङको १३२ औं जन्म दिवसको अवसरमा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको जीवन सङ्घर्षबाट सिक्नुपर्ने आवश्यकता औँल्याउँदै चिनियाँ जनवादी क्रान्ति सफलतामा पुर्‍याउन माओको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

हरेक कार्यकर्ताहरूले अध्यक्ष माओका सङ्कलित रचनाहरू अध्ययन गरी सांस्कृतिक र सैद्धान्तिक स्तर उकास्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

माओवाद र माओ त्सेतुङ विचारधारा फरक रहेको स्पष्ट पार्दै केन्द्रीय सदस्य शाहीले आफूलाई 'कम्युनिस्ट' दाबी गर्ने एमाले र नेपाली कम्युनिस्ट पार्टी साँचो अर्थमा कम्युनिस्ट नभएको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले माओ त्सेतुङको जीवनीबारे चर्चा गर्दै नेमकिपाको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा रहेको र पार्टीको दीर्घकालीन उद्देश्य समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्नु हो भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका उपाध्यक्ष नरदीप शाही र पार्टी जिल्ला समितिका सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

# ज्येष्ठ नागरिकहरूलाई पौष्टिक सातु, ऊनको टोपी, गलबन्दी र लौरो वितरण



भक्तपुर, ११ पुस। नेपाल सरकारले प्रत्येक वर्ष पुस ११ गतेको दिनलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको रूपमा मनाउँदै आएको छ। पाँचौँ राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर नगरपालिकाले शुक्रबार नगरपालिकाभित्र सञ्चालित भक्तपुर आदर निकेतन, सिद्धि शालिग्राम वृद्धाश्रम र सहारा केयर होममा रहेका ज्येष्ठ नागरिकहरूलाई पौष्टिक सातु, ऊनको टोपी र गलबन्दी, लौरो वितरण गरेको छ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकहरूलाई पौष्टिक सातु, ऊनको टोपी र गलबन्दी, लौरोलगायतका सामग्रीहरू वितरण गर्नुभयो।

कार्यक्रममा उहाँले ज्येष्ठ नागरिकको मेहनत र योगदानले नै नयाँ समाज निर्माण हुने बताउँदै उहाँहरूको योगदानको कदर स्वरुप नगरपालिकाले विभिन्न कार्यक्रमहरू गर्दै आएको बताउनुभयो।

उहाँले ज्येष्ठ नागरिकको मानसिक र शारीरिक स्वास्थ्य राम्रो भए मात्र उहाँहरूको आयु पनि लामो हुने बताउँदै सक्रिय जीवन व्यतीत गर्न पनि ज्येष्ठ नागरिकहरूलाई आदर निकेतनको खाँचो रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका आफैँले आदर निकेतन सञ्चालनको तयारी गरिरहेको बताउँदै उहाँहरूको खानपिन, स्वास्थ्य परीक्षण, सरसफाइ, सकारात्मक सोच विकासतर्फ पनि जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले ज्येष्ठ नागरिक सम्मानस्वरूप यो दिवस आयोजना गरिएको बताउँदै भक्तपुर नगरपालिकाले भक्तपुर नगरमा सञ्चालित तीनवटा आदर निकेतनहरूमा आज सामग्री वितरण कार्यक्रम राखेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर आदर निकेतन सञ्चालक समितिका अध्यक्ष लक्ष्मीप्रसाद कुसीले ज्येष्ठ नागरिकको सेवाको लागि २०७२ सालदेखि नै भक्तपुर बचत तथा ऋण सहकारी संस्थाले आदर निकेतन सञ्चालन गर्न प्रयास गरिरहेको र तीन वर्ष अगाडि मात्र भक्तपुर आदर निकेतन सञ्चालनमा ल्याउन सफल भएको बताउनुभयो। उहाँले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य शिविर, विभिन्न ठाउँहरूमा भ्रमण र रचनात्मक गतिविधि गरी ज्येष्ठ नागरिकहरूलाई सक्रिय बनाउने र मानसिक स्वास्थ्य राम्रो बनाउने काम गर्दै आएको बताउनुभयो।

# “सिद्धान्तअनुसारको व्यवहार गर्न नसके सिद्धान्त अँगाल्नुको अर्थ हुँदैन”




भक्तपुर, ११ पुस। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भनपा ९ नं. वडा एकाइ समितिले १४७ औँ स्तालिन र १३२ औँ माओ जयन्ती शिक्षक भेला गरी मनायो। सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिको आतिथ्यमा भएको उक्त भेलामा उहाँले माओ र स्तालिनको जीवनीबाट प्रेरणा लिई नेपाली कम्युनिस्ट आन्दोलनमा थोरैमात्र योगदान पुऱ्याउन सके पनि भेला सार्थक हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, “सिद्धान्तअनुसारको व्यवहार गर्न नसके सिद्धान्त अँगाल्नुको अर्थ हुँदैन।”

माओ र स्तालिनका बारेमा विरोधीहरूले फैलाएको गलत कुराहरूको पछाडि लाग्नुभन्दा उहाँहरूको योगदानले विश्व कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदान र त्यसको परिणामलाई हेरेर उहाँहरूको सही मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो।

नाजीवादविरूद्ध स्तालिनले गरेको प्रतिरोधका कारण विश्व कम्युनिस्ट आन्दोलन जोडिएको र योजनाबद्ध पञ्चवर्षीय कार्यक्रमले रूसलाई पुँजीवादी देशहरूभन्दा अगाडि बढाएको चर्चा गर्दै उहाँले शत्रुहरूले कम्युनिस्टहरूविरुद्ध कतिसम्म तुच्छ व्यवहार गर्दा रहेछन् भन्ने कुरा कम्युनिस्ट घोषणापत्र पढ्दा थाहा हुन्छ; त्यसैले शत्रुको कुरा हैन स्तालिन र माओका बारेमा लेखिएका पार्टी प्रकाशन अध्ययन गर्न सुझाव दिनुभयो।

माओले नै आफ्नो कुनै वाद नभएको बरू विचारधारा मात्र भएको भनेर माओवादको खण्डन गरेको कुरा पेकिङ रिभ्युमा छापिएको कुरा नेमकिपाले नेपाली पाठकसामु त्यसैबेला ल्याएको बताउँदै उहाँले त्यसैको आधारमा नेमकिपाले ‘माओवादी’ हरूसँग सैद्धान्तिक सङ्घर्ष गरेको प्रस्ट पार्नुभयो।

भेलामा आयोजक समितिका सदस्य मैयाँलक्ष्मी त्यातले स्वागत मन्तव्य राख्दै गरिब परिवारमा जन्मेर पनि स्वअध्ययन र सङ्घर्षबाट खारिएका स्तालिन र माओको जीवनीबाट सिकेर अगाडि बढ्नुपर्ने बताउनुभयो।

भेलामा शिक्षिका भगवती आचार्यले अन्तर्राष्ट्रिय व्यक्तित्त्वहरूमा स्तालिन र माओ पनि जान्नैपर्ने व्यक्तिहरूमध्येमा पर्छन् भन्दै समाजवादमा पुँजीवादमा जस्तो धनी र गरिवबिचको खाडल नहुने हुँदा समाजवाद बहुसङ्ख्यक जनताको निम्ति हितकर रहेको विचार व्यक्त गर्नुभयो।

आयोजक समितिका अध्यक्ष विश्वराम प्रजापतिको सभापतित्वमा भएको उक्त भेलामा शिक्षिका मुना तामाङले पनि बोल्नुभएको थियो।

# नेपाल अन्तर्राष्ट्रिय कला प्रदर्शनी–२०२५ काठमाडौँमा सम्पन्न

काठमाडौँ, ११ पुस। दक्षिण एसिया तथा अन्य मुलुकका समकालीन र परम्परागत कलाकृतिहरू समेटिएको तीनदिने नेपाल अन्तर्राष्ट्रिय कला प्रदर्शनी–२०२५ बिहीबार काठमाडौँमा सम्पन्न भएको छ। प्रदर्शनी अवलोकन गर्न सयौँ कलाप्रेमी, कलाकार, समालोचक तथा संस्कृतिकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको सो प्रदर्शनीको उद्घाटन काठमाडौँको नक्सालस्थित नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान (नाफा) मा औपचारिक समारोहबिच सम्पन्न भएको थियो। प्रदर्शनीको उद्घाटन गर्दै नाफाका कुलपति नारदमणि हार्तम्छालीले कला प्रदर्शनी संस्कृतिगत समझदारी, सिर्जनशीलता तथा जनस्तरको अन्तरदेशीय सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण माध्यम भएको धारणा व्यक्त गर्नुभयो।

प्रदर्शनी संयोजक तथा प्रख्यात मिथिला चित्रकार रञ्जु यादवले स्वागत मन्तव्य राख्दै कला भूगोल, विचारधारा र पहिचानको सीमाभन्दा माथि उठ्ने सार्वभौमिक भाषा भएको उल्लेख गर्नुभयो।

चित्रकार यादवले नेपाल, बङ्गलादेश, भारत, मौरिससलगायतका मुलुकका कलाकारका चार दर्जनभन्दा बढी कलाकृति प्रदर्शनीमा समेटिएको जानकारी दिँदै यसले सांस्कृतिक विविधता, साझा मानवीय मूल्य र कलात्मक संवाद प्रतिबिम्बित गरेको बताउनुभयो।

प्रदर्शनीका क्युरेटर तथा आर्ट हब ढाकाका निर्देशक तैमुर हन्नान (बङ्गलादेश) ले सीमा पार कलात्मक सहकार्यको महत्त्व औँल्याउनुभयो।

बङ्गलादेशी चित्रकारहरूको तर्फबाट फाहमिदा एनाम काकोलीले प्रदर्शनी सफलताको कामना गर्दै आफ्नो धारणा राख्नुभएको थियो।

वरिष्ठ मिथिला चित्रकार विभा लालले धन्यवाद ज्ञापन गर्दै आयोजक, सहभागी चित्रकार, सहयोगी तथा दर्शकप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उद्घाटन समारोहको सञ्चालन तथा संयोजन सहभागी चित्रकार सुभाद्री सुभाले गर्नुभएको थियो।

यस अवसरमा वरिष्ठ साहित्यकार धीरेन्द्र प्रेमर्षि र नाफाका परिषद् सदस्य अरुणा हिङमाङ्गले आफ्नो धारणा राख्दै अन्तर्राष्ट्रिय स्तरको कलात्मक मञ्च सिर्जना गरिएकोमा आयोजकहरूको प्रशंसा गर्नुभयो।

प्रदर्शनीमा सहभागी चित्रकारहरूलाई सम्मान गरिएको थियो। प्रमुख अतिथि नारदमणि हार्तम्छाली र वरिष्ठ साहित्यकार धीरेन्द्र प्रेमर्षिले संयुक्त रूपमा कलाकारहरूलाई प्रमाणपत्र, क्रेस्ट तथा प्रदर्शनी क्याटलग प्रदान गर्दै उनीहरूको सिर्जनात्मक योगदानको कदर गर्नुभयो।

पुस १० गते सम्पन्न कला कार्यशालाको संयोजन प्रदर्शनी संयोजक तथा मिथिला चित्रकार रञ्जु यादवले गर्नुभएको थियो। कार्यशालामा नेपालका नौ जना र बङ्गलादेशका छ जना चित्रकारहरू सहभागी भएका थिए।

नेपाल अन्तर्राष्ट्रिय कला प्रदर्शनी–२०२५ पुस ११ गते सम्पन्न भएसँगै नेपालको अन्तर्राष्ट्रिय कला क्षेत्रमा अर्को महत्त्वपूर्ण उपलब्धि थपिएको छ भने छिमेकी तथा मित्र राष्ट्रहरूसँगको कलात्मक सहकार्य थप सुदृढ भएको छ।

# तारा माविमा प्रशिक्षण तथा अन्तरक्रिया

भक्तपुर, ११ पुस। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ तारा मा.वि. एकाइ समितिको आयोजनामा शुक्रबार माओ जयन्तीको अवसरमा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम भयो।

उक्त कार्यक्रममा शिक्षासेवी उद्धव सुजखुले चीनमा पुँजीपतिहरूको थिचोमिचो र शोषणबाट मुक्त गराउन माओले गरेको योगदानको चर्चा गर्दै देश विदेशको इतिहास र भूगोलको अध्ययन गरेरै चीनको समृद्ध समाज निर्माणमा टेवा पुऱ्याएको विचार व्यक्त गर्नुभयो।

नेपालमा विदेशी दलालहरूले खेलेको चलखेलतर्फ सरकार र जनताको ध्यान जानुपर्नेमा जोड दिँदै उहाँले सरकारले स्वदेशी उत्पादनभन्दा विदेशी उत्पादनलाई जोड दिएको कारण युवा र उत्पादकहरू निराश भएर बिदेसिन बाध्य भएको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक प्रेमलक्ष्मी त्वायनाले विद्यार्थीहरू व्यक्तिगत स्वार्थबाट माथि उठेर देश र जनताको नि:स्वार्थ सेवा गर्नुपर्ने भावनाबाट अभिप्रेरित हुनुपर्ने बताउनुभयो।

एकाइ समितिका अध्यक्ष पूर्णप्रसाद श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा छोरीमैया सुवाल, कृष्णराम सुलु, श्याम ख्याजु, रविना त्वाती र शोभा बोहजुले माओ त्सेतुङले पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्दै नयाँ पुस्तालाई सही दिशा निर्देश गर्नुपर्ने, वामपन्थी र दक्षिणपन्थी अवसरवादविरुद्ध सङ्घर्ष गर्नुपर्ने, शासक दलहरू साम्राज्यवादीहरूको दलदलमा फसेको कारण देशमा अराजकता गतिविधि बढिरहेको बताउनुभयो।

**देश...**

उहाँले स्तरीय विद्यालयले स्तरीय शिक्षा प्रदान गर्ने भए पनि घरपरिवार बालबालिकाको पहिलो विद्यालय र अभिभावक शिक्षकसरह भएकोले आफ्ना बालबालिकालाई राम्रो बोलीवचन र संस्कार घरमै सिकाउनुपर्ने बताउनुभयो।

त्रिविका प्रा. डा. तारालाल श्रेष्ठले एउटामात्र विद्यालय उत्कृष्ट बन्दैमा जिल्लाभरको शिक्षा राम्रो नहुने तर उत्कृष्ट विद्यालयको तौरतरिका र अनुभव अन्य विद्यालयले पनि उपयोग गरेमा शिक्षाको स्तरवृद्धि हुनसक्ने बताउनुभयो।

उहाँले शैक्षिक विकासको निम्ति धेरै जोड दिने नगरपालिका भक्तपुर नगरपालिका नै भएको बताउनुभयो।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले सबैका निम्ति शिक्षा र कम शुल्कमा गुणस्तरीय शिक्षामा जोड दिइरहेको भनपाले हरेक वर्ष विभिन्न तहका सयौँ विद्यार्थीहरूका निम्ति छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो।

समारोहमा प्रमुख अतिथि बिजुक्छेँले विद्यालयको स्मारिका ‘३० वर्षको अथक यात्रा’ र ‘बुद्ध शिक्षा र दर्शन’ पुस्तक विमोचन गर्नुभयो।

अध्यक्ष बिजुक्छेँले संस्कृति सम्पदाको क्षेत्रमा पुऱ्याएको योगदानका निम्ति भनपा ८ का राजेश गाईजुलाई नगद रु. १ लाख ३० हजारको ‘जेस संस्कृति सम्पदा सिरपा’ प्रदान गर्नुभयो।

काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूमा विभिन्न समयमा भइरहने विभिन्न जात्रापात्राहरूमा पानी बोकेर पानी खुवाउने ‘पानी बा’ भनेर चिनिने समाजसेवामा लामो समयदेखि लागिरहेका भक्तपुरकै रत्नभक्त प्रजापतिलाई नगद रु. ५० हजारसहित सम्मानपत्र प्रदान गरिएको थियो।

भनपा १० का सफाइ मजदुरहरू सीताराम कर्माचार्य र उर्मिला द्यौलालाई नगद रु. २५,२५ हजारका साथ सम्मानपत्र प्रदान गरिएको थियो।

समारोहमा स्कूलको ३० औँ वार्षिकोत्सवको अवसरमा आयोजित अन्तरविद्यालय चेस (जुनियर छात्र), चेस (सिनियर छात्र), चेस छात्रा, अन्तरविद्यालय छात्र बास्केटबल, अन्तरविद्यालय छात्रा बास्केटबल, अन्तरविद्यालय एकल मादल वादन प्रतियोगिता, जिल्लास्तरीय गायन प्रतियोगितालगायत विभिन्न अतिरिक्त क्रियाकलापका विजेता विद्यालय र विद्यार्थीहरूलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

विद्यालयका संस्थापक प्रिन्सिपल योगेन्द्रमान बिजुक्छेँको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रिन्सिपल राजन धौभडेल, विद्यालय सञ्चालक सदस्य विश्वबहादुर दुवाललगायतले बोल्नुभएको थियो।

## माओका दुई कविता

# चिङकाङ सान पहाड

*पहाडका फेदीमा हाम्रा झन्डा र निशानहरू फर्फराउँथे
माथि शिखरमा हाम्रा बिगुल र ढोलकहरू बज्दथे
हजारौँ गुना बलियो शत्रुद्वारा हामीहरू घेरिएका थियौँ
तैपनि हामीहरू निडर र अविचलित नै भइ बसेका थियौँ*

*हाम्रो सुरक्षा फलामे भित्तासरि नै बलियो थियो
हाम्रो सङ्कल्प पनि किल्लासरि नै संयुक्त थियो
ख्वाङयाइच्येबाट तोपको ठुलो गर्जन के निस्केको थियो
रातारात नै शत्रुको सैन्य अनि भागेर गएको थियो ।*

# चिङकाङ सानमा फेरि पुग्दा

*मैले धेरै समयदेखि आकाङ्क्षा सँगालेको छु
बादलहरूलाई छुने
फेरि म आएको छु टाढाबाट
चढ्न भनेर चिङकाङ सान,
त्यो हाम्रो पुरानो आश्रय थलो
विगत दृश्यहरू फेरिसकेका छन्*

*ओरियल चराहरू गाउँछन्
भीर-गौँथलीहरू कावा खाँदै उड्छन्
कलकल गरेर बग्छन् चारैतिर सोतोहरू
र बाटो अक्कासिँदै माथितिर लाग्छ
एकपल्ट ह्वाङ याङ चेलाई पार गरेपछि
अरु कुनै पनि भयङ्कर ठाउँले आँखा तान्दैन*

*बतास र चट्याङ चलायमान भइरहेछन्
ध्वजा र पताकाहरू उडिरहेछन्
जहाँ जहाँ मानिसहरू बस्दछन्
अठ्तीस वर्षहरू सडेर गइसके
यसो आँखा झिमिक्क गर्दैमा*

*हामी नवौँ लोकमा चन्द्रमालाई अँगालो हाल्न सक्छौँ
र पञ्चसिन्धुहरूमा गोटा खाएर कछुवाहरू समात्न सक्छौँ
हामी विजयका गीत र खित्काहरूका माझ फर्कने छौँ
यो संसारमा गाह्रो भनेको कुनै कुरो छैन
चुलीहरूलाई नाप्ने आँट तिमी गर्दछौ भने ।*

# सहकारीलाई नियमन गर्न ल्याएका निर्देशनहरू सहकारी मूल्य मान्यताविपरीत

भक्तपुर, ११ पुस । सहकारी अध्ययन समाज नेपालको आयोजनामा शुक्रबार स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले स्तालिन र माओको योगदानबारे चर्चा गर्नुभयो ।

इटालीको मुसोलिन र जर्मनको हिटलरको फासीवादविरुद्ध स्तालिनले गर्नुभएको भूमिकाबारे प्रस्ट पार्दै उहाँले युरोपमा समाजवादको विकास होला भन्ने डरले अमेरिका, फ्रान्स र बेलायतले रुसमाथि जालो बुनेको बताउनुभयो । स्तालिनले रुसमा समाजवादको विकास गर्दै पुँजीवादले ३/४ सय वर्षमा गरेको काम स्तालिनले ३०/४० वर्षमा विकास गरी रुसलाई विश्वसामु विकसित देश बनाउनुभएको बताउनुभयो ।

युक्रेनमा भएको विकासलाई तहसनहस गर्न अमेरिका लागिपरेको बताउँदै उहाँले युक्रेनमार्फत रुसमाथि आक्रमण गर्न युक्रेन युद्ध रचिएको बताउनुभयो ।

क्रान्तिकारी कार्यकर्ता बन्न मनमस्तिष्कबाट पुँजीवादी भावना र विचार हटाउनु आवश्यक रहेको बताउँदै उहाँले नेकपा एमाले र माओवादी पार्टीहरू पुँजीवादी पार्टी भएको प्रस्ट पार्नुभयो ।

कार्यक्रमका सभापति कृष्णगोविन्द लाखाजुले सहकारीलाई नियमन गर्न ल्याएका निर्देशनहरू सहकारी मूल्य मान्यताविपरीत रहेकोले संशोधनको लागि लागिपरेको बताउनुभयो । सहकारीकर्मीहरूले पनि समाजवादी नेताहरूबारे जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेमकिपाका कार्यकर्ताहरूले सम्हालेको सहकारीमा विकृति आएको छैन भन्नुभयो ।

समाजका सदस्य मीनबहादुर बाटाले माओबारे, काजीबहादुर पञ्चले स्तालिनको जीवनीबारे चर्चा गरेको उक्त कार्यक्रममा राधेश्याम सुवाल र महेन्द्र बखुन्छेँले पनि बोल्नुभएको थियो ।

**चीन...**

उहाँले भन्नुभयो, "समाजवादले मात्र मानव समाजको सेवा गर्न सक्छ । सोभियत समाजवाददेखि चीनको समाजवादसम्मको अनुभवले त्यही भन्छ ।"

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले पुस ८ गते प्रकाशित 'श्रमिक' साप्ताहिकको लेख 'नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा' बारे सरल भाषामा चर्चा गर्नुभयो ।

नेक्रामसङ्घका भक्तपुर जिल्ला अध्यक्ष सृजना सैंजुको सभापतित्वमा सम्पन्न भक्तपुर जिल्लास्तरीय महिला भेलामा समितिका उपाध्यक्ष देविका दनेखुले 'वर्तमान चीनमा स्वास्थ्य बन्दोबस्त'बारे प्रस्तुति दिनुभयो ।

समितिका कोषाध्यक्ष गङ्गा वैद्यले अध्यक्ष माओ र चिनियाँ क्रान्तिबारे चर्चा गर्नुभयो ।

जे.भी. स्तालिन र सोभियत रूसबारे सङ्क्षिप्त चर्चा समितिका सदस्य अनिता जधारीले गर्नुभयो भने कार्यक्रममा सरस्वती सिङ्ख्वालले पनि बोल्नुभयो ।



**हुलाकी राजमार्ग**

सर्लाहीको कौडेना गाउँपालिका-३ पर्सास्थित लखनदेही खोलाको बाढीले बगाएको हुलाकी राजमार्ग । गत असोज १८ गतेका दिन बाढीले हुलाकी राजमार्ग बगाएको थियो तर अहिलेसम्म सडक बन्न सकेको छैन । जसकारण ठूलो बस, ट्रकलाई डाईर्भसन भएर जान कठिनाइ हुँदा दुर्घटनाको जोखिम रहेको छ ।

*तस्बिर: विश्वनाथ ठाकुर/रासस*

# पद र पैसालाई प्राथमिकता दिने शासक दलबाट देश र जनताको हित नहुने

भक्तपुर, ११ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरूहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिवसको अवसरमा शुक्रबार महिला भेला भयो ।




भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सर्वहारावर्गसँग हार्नको लागि बाँधिएको सिक्रीमात्र हुने शिक्षा मार्क्स र एङ्गेल्सले दिनुभएको चर्चा गर्दै मार्क्स र एङ्गेल्सको शिक्षाअनुसार रूसमा लेनिन र स्तालिनले र चीनमा माओ त्सेतुङले देश र जनताको सेवा गर्नुभएको थियो भन्नुभयो ।

रूसको कम्युनिस्ट पार्टीको नेतृत्वमा लेनिन र स्तालिनले साम्राज्यवादीहरूलाई पराजित गनुर्भयो र रूसी जनताको आर्थिक र सांस्कृतिक स्तर माथि उठाउनुभयो, सचिव सुवालले थप्नुभयो ।

उहाँले भन्नुभयो, "रूसको निर्वाचन पर्यवेक्षणमा गएका नेपाल सरकारका एक अधिकारीले विकासमा रूसभन्दा नेपाल ५०० वर्ष पछाडि परेको बताए । यसले प्रजातन्त्र, बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको ७५ वर्षमा सरकारमा गएका दल र नेताहरूले देश र जनताको नि:स्वार्थ सेवा नगरेको पुष्टि हुन्छ ।"

पद र पैसालाई प्राथमिकता दिने शासक दलहरूबाट देश र जनताको हित नहुने स्पष्ट पार्दै सचिव सुवालले शासक दलहरू पुराना वा नयाँ जो भए पनि एउटै हुन् भन्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले स्तालिनको व्यक्तित्वको चर्चा गर्दै स्तालिन मार्क्सवादी सिद्धान्तमा अटल र दृढ रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "महिलाहरू राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यवहारिक रूपमा परिपक्व हुन सङ्गठित र सङ्घर्षशील हुनु जरूरी छ । अध्ययन, अन्तरक्रिया, छलफल र गोष्ठीमा सहभागिताले हाम्रो वैचारिक स्तर वृद्धि हुन सहयोग गर्नेछ ।"

नेमकिपा भजिस सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले स्तालिन र माओको योगदानबारे चर्चा गर्दै उहाँहरूको जीवनीबाट सिक्नु जरूरी छ भन्नुभयो ।

महिलाहरूको सहयोगबिना क्रान्ति सफल हुन नसक्ने धारणा राख्दै उहाँले महिलाहरू सचेत र सङ्गठित भए समाज परिवर्तनमा महत्त्वपूर्ण योगदान पुग्नेछ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष सानुमाया लागेजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा कमला गिरी भारती र कविता श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु जरूरी

काठमाडौँ, ११ पुस । बालाखु गणेश सांस्कृतिक समूहको आयोजनामा प्रशिक्षण एवम् प्रमाणपत्र वितरण तथा बधाई ज्ञापन बिहीबार सम्पन्न भयो ।



कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भ्रष्टाचारीहरूको सम्पत्तिमा आगजनीभन्दा पनि त्यस्तो सम्पत्ति राष्ट्रियकरण गर्नु जरूरी छ भन्दै ठुला भ्रष्टाचारी र महिला हिंसापछि हत्या गर्नेहरूलाई मृत्युदण्डसहितको सजाय हुने कानुनी व्यवस्था आवश्यक भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "बहुदलीय व्यवस्थाको पुन:स्थापनायता सरकारमा गएका पार्टीहरूले विदेशीहरूसँग ऋण लिँदै भ्रष्टाचार गरेको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ । सरकारको ऋण २७ खर्ब ८८ अर्ब ५३ करोड पुगेको सार्वजनिक भयो ।"

युवालाई वैदेशिक रोजगारीमा पठाउने र दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट किन्ने सरकार देशद्रोही भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले थप्नुभयो, "संसारमा ७ अर्ब हाराहारी जनसङ्ख्या पुगेको छ । यसमध्ये ६० हजार मानिससँग विश्वका आधा मानिससँग भएको स्रोत साधनभन्दा तीन गुणा भएको सार्वजनिक भयो । यतिबेला संसार समृद्ध बनाउने कि केही देशको हितमा स्रोत-साधन लगाउने भन्ने प्रश्न तड्कारो रूपमा उठेको छ । नेपालको छिमेकी देश चीनले पृथ्वीलाई साझा घर ठानेको छ भने अमेरिकाले आफ्नो देश 'प्रथम' बनाउने दाबी गरेको छ । विश्वले चीनको बाटो समाए मात्र मानव जातिको कल्याण हुनेछ ।"

उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई परिवार, विद्यालय, कलेज र समाजले सुसंस्कृत बनाउनु आवश्यक छ । सुसंस्कृत युवाहरू विध्वंशमा लाग्ने छैनन् ।"

सचिव सुवालले पोकामा राखिएको तयारी खाद्यान्नभन्दा घरमा पकाइने खाद्यान्न स्वस्थकर हुनेतर्फ सबै सचेत हुनु जरूरी भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सांसद सृजना सैंजूले भदौ २३ र २४ गतेको घटनाबारे अमेरिकी एक लेखकले अमेरिकाको डिजाइन र निर्देशनमा भएको खुलासा गरेको बताउँदै देशको हरेक परिस्थिति र घटनाबारे सबै जनता सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई विगतको इतिहास र वैदेशिक हस्तक्षेपबारे प्रशिक्षित गर्नुपर्ने बताउनुभयो ।

बालाखु गणेश सांस्कृतिक समूहका संयोजक रतनकाजी नायोभारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जी.पी. लासिवाले सम्पूर्ण जनतालाई राजनैतिक रूपले सचेत गर्न विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्नु उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा अतिथि सुवालले २०८२ सालको गाईजात्रा उत्सवको अवसरमा आयोजित गाईंचा प्याखंमा प्रथम स्थान प्राप्त गर्ने टोलीका सदस्यहरूलाई प्रमाणपत्रसहित बधाई ज्ञापन गर्नुभयो ।

। सम्पादकीय ।

# दलबिच सिद्धान्त विचारको द्वन्द्व स्वाभाविक

देश र जनताको चाहना पुरानो दल र नयाँ दलबिचको वैचारिक द्वन्द्व होइन । सिद्धान्त र विचार नमिलेपछि पुराना र नयाँ दलबिच मात्र होइन, पुरानो र पुरानो तथा नयाँ र नयाँ दलबिच पनि सैद्धान्तिक र वैचारिक सङ्घर्ष हुन्छ । आजको नयाँ दल पनि पछि पुरानै हुन्छ । अहिलेको द्वन्द्व पुरानो र नयाँ दलको भन्दा सिद्धान्त र विचारको द्वन्द्व हो । निर्वाचन प्रयोजनको सन्दर्भमा हाल नयाँ दलहरू देखापरेपछि राजनीतिक विश्लेषक, लेखक, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूले पुरानो दललाई उपेक्षा गरेर नयाँ दलप्रति आकर्षण बढेको विचार व्यक्त गर्न थालेका छन् । उनीहरूको दृष्टिमा पुरानो दल भन्नाले सरकारमा पुगेका दललाई सङ्केत गरेको देखिन्छ ।

समयको गतिअनुसार नयाँ दलहरू देखापर्नु अस्वाभाविक होइन । नयाँ दल देखापर्ने बित्तिकै पुरानो दल काम लाग्दैन भनी हचुवा टिप्पणी गर्नु बुद्धिमानी होइन । महत्त्वपूर्ण कुरा कुन दलले कुन वर्गका जनताको प्रतिनिधित्व या सेवा गर्छ भन्ने हो । शासक दलहरूले निःस्वार्थ र इमानदारीपूर्वक राजनीति नगरेकैले जनताको असन्तोष बढेको हो; नयाँ दलहरू देखापरेकोमा शङ्का छैन । दल खोल्नुको उद्देश्य कुनै दलको विरोध गर्नको निम्ति होइन । विरोधको लागि विरोध गर्न के नयाँ दलको खाँचो छ र ? कुनै पनि दलले द्वैधचरित्र देखाउनु हुँदैन । दलले ढुलमुले राजनीति गर्नु हुँदैन । सिद्धान्ततः कुनै दल चुनावमा भाग लिने पक्षमा छ भने उसले चुनावको माहोल पनि तयार गर्नुपर्छ । चुनाव सम्भव छैन, चुनावको निम्ति वातावरण बनेको छैन भनेर निर्वाचनको विरोध गर्नुभन्दा निर्वाचनमय बनाउने परिस्थिति तयार गर्नुपर्छ ।

अदालतले संसद् पुनःस्थापना गऱ्यो भने तद्नुसार कार्यविधि अघि बढ्नु र बढाउनु अन्यथा होइन । यो हाललाई विचाराधीन अवस्था हो । निर्वाचनको पूर्वसन्ध्यामा आएर संसद् पुनःस्थापना भयो भने सरकारको थप ठूलो रकम अनाहकमा खर्च हुन्छ । निर्वाचनका लागि आवश्यक सामग्रीहरूको बन्दोबस्त गर्न कर्मचारी र सुरक्षाकर्मीको व्यवस्थापन आदिमा खर्च हुन्छ । संसद् पुनःस्थापना हुने हो या होइन सोको प्रक्रिया अघि बढाए र समयमै निर्णय गर्नुपर्छ । निर्वाचनको सन्दर्भ जोडेर अहिले नै कति राजनीतिक दलहरू उम्मेदवारी घोषणा गर्दै प्रचारप्रसारमा लागेका छन् । कति राजनीतिक दलहरू घोषणापत्र बनाउने तर्खरमा छन् । निर्वाचन प्रयोजनको निम्ति सबैजसो सामान तयारी भइसकेको अवस्थामा या निर्वाचनको पूर्वसन्ध्यामा संसद् पुनःस्थापना भयो भने देशको मात्र होइन राजनीतिक दलहरूको पनि अनाहकमा पैसा खर्च हुन्छ । अतः यसबारे अदालत या अदालतसित सम्बन्धित कानुनविद्, न्यायाधीश, प्रधानन्यायाधीशहरूको ध्यान जानु आवश्यक छ । हरेक काम समयमा भयो भने त्यो सुनमा सुगन्ध हुनेछ ।

सुरक्षा व्यवस्थाको लागि पनि ठूलो बजेटको आवश्यकता हुन्छ । सुरक्षाकर्मीलाई तालिम दिन, खटाउन र नयाँ सुरक्षाकर्मीको व्यवस्था गर्न ठूलो बजेटको जरुरी हुन्छ । सुरक्षाकर्मी भर्ना गरेर तालिम दिइसकेपछि निर्वाचन नहुने भयो भने त्यो प्रयास, समयमात्र होइन रकम पनि त्यतिकै खेर जान्छ । जेन-जी आन्दोलनको बेला ध्वस्त भएका भौतिक संरचनाहरू तयार गर्न धौ धौ भइरहेको बेला निर्वाचनको सन्दर्भमा भएको अर्को खर्चले देशको अर्थतन्त्रलाई धक्का पुऱ्याउन सक्छ । निर्वाचन धेरै समय बाँकी छैन । तर, अहिलेसम्म संसद् पुनःस्थापनासम्बन्धी उजुरी (मुद्दा) को कुनै फैसला आएको छैन; कहिले आउँछ भन्ने यकिन हुनसकेको छैन ।

निर्वाचनलाई स्वच्छ, शान्ति, निष्पक्ष र सुरक्षित बनाउनेतर्फ सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरू गम्भीर हुनुपर्छ । निर्वाचन बिथोल्ने, भड्काउने, हो हल्ला गर्ने, निर्वाचन क्षेत्र कब्जा गर्ने, गलत व्यक्तिले मतदान गर्ने अधिकांश काम सत्तासीन या ठूला राजनीतिक दल आबद्ध व्यक्तिहरूले नै गर्ने हुन् । विगतको निर्वाचनमा निर्वाचन आयोगले निर्धारण गरेको आचारसंहिता तोड्ने, निर्वाचनको प्रचारमा पैसाको खोलो बगाउने, भोज खुवाउने, सामान बाँड्ने, लोभलालच देखाउने काम भयो । देशको स्थिति अहिले पनि अन्योलपूर्ण छ । कति दलको नेताले निर्वाचन सम्भव छैन, सरकार ढालेर छाड्ने चेतावनी दिन थालेका छन् । जेन-जी आन्दोलनको कारण बनेको वर्तमान सरकार जेन-जीकै तारो बनेको छ । एकथरीको जेन-जी समूहले सरकारको राजीनामा माग गर्दै छ; राजीनामा माग गर्दै अनसन बस्दै छ ।

नयाँ सबै प्रस्ट र पुराना सबै भ्रष्ट भन्ने भाष्य कसैले बनाउनु हुँदैन । यसबारे नयाँ दलका नेता मात्र होइन लेखक, सञ्चारकर्मी, बुद्धिजीवी र राजनीतिक विश्लेषकहरू पनि प्रस्ट हुनुपर्छ । दल नयाँ होस् या पुरानो दललाई चिन्ने आधार दलले आत्मसात गरेको सिद्धान्त र विचार हो । कुन सही र गलतको नापो दल पुरानो र नयाँ होइन । बरु, विचार चिन्तन, सोच र कार्यशैलीमा हुन्छ । शासक दलका कति नेता, मन्त्री, सांसद र जनप्रतिनिधिहरू भ्रष्टाचार र अनियमिततामा फसेको यथार्थ हो । भ्रष्टाचारको त जहिल्यै जसको पनि विरोध गर्नुपर्छ । यो राज्य व्यवस्था नै परिवर्तन गरी देशमा समाजवादी गणतन्त्र स्थापना नभएसम्म बहुमत जनताले सुख, शान्ति र सुरक्षाको अनुभूति गर्न पाउने छैनन् । यसको लागि जनता नै तयार हुनुपर्छ ।

# निर्वाचन नयाँ जनादेशसँगै भ्रष्ट, फटाहाहरूलाई ठेगान लगाउने अवसर



रामप्रसाद प्रजापति

**निर्वाचन प्रतिनिधि छनोटको माध्यम**

आवधिक निर्वाचनलाई प्रजातन्त्रको सौन्दर्य मानिन्छ । तर, विश्वभरका विभिन्न प्रकारका निर्वाचन पद्धतिहरू प्रचलनमा छन् ।

सामान्यतया प्रत्यक्ष निर्वाचन प्रणाली अपनाएका देशहरूमा जनताले दिएको सामान्य बहुमत प्राप्त उम्मेदवारलाई निर्वाचित भएको मानी प्रतिनिधि छनोट गरिन्छ । सामान्य बहुमत प्राप्त उम्मेदवारको भन्दा अन्य पराजित भनिएका उम्मेदवारहरूको कुल मत बढी हुन सक्छ ।

उदाहरणको लागि १० जना उम्मेदवार निर्वाचनमा सहभागी हुँदा बढी मत ल्याउने उम्मेदवारले ११ प्रतिशतमात्रै मत ल्याएको छ । अरूले सोभन्दा घटी ल्याएको छ भने ११ प्रतिशत मतले बाँकी ८९ प्रतिशत जनतालाई शासन गर्ने देखियो । त्यसैले सामान्य बहुमतबाट निर्वाचित हुने प्रत्यक्ष निर्वाचन प्रणालीलाई सामान्यतया प्रजातान्त्रिक वा बहुमतको शासन व्यवस्था भन्न सकिन्न । तर, विश्वका अधिकांश देशहरूमा यही निर्वाचन प्रणाली लागू गरिएको पाइन्छ ।

अर्को स्पष्ट बहुमत अर्थात् कुल खसेको मतको ५१ प्रतिशत मत प्राप्त उम्मेदवार निर्वाचित हुने प्रणाली संरा अमेरिकी राष्ट्रपतिको लागि हुने निर्वाचनमा लागू गरिने गरेको पाइन्छ । तर, संरा अमेरिकामा पनि अन्य जनप्रतिनिधिहरूले स्पष्ट बहुमत पाउनुपर्ने जरुरी छैन ।

अमेरिकाको निर्वाचन प्रणालीको कुरा गर्दा त्यहाँ निर्वाचनमा मतदाताहरू निकै उदासीन देखिने गरेका प्रतिवेदनहरू सार्वजनिक भएका छन् । संरा अमेरिकाको संसदीय निर्वाचनमा ५२ प्रतिशतमात्रै मतदाताले मतदान गर्ने गरेको देखिन्छ । ५२ प्रतिशत मतदाताले मतदान गर्ने अवस्थामा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले कहिलेकाहीँ १८/१९ प्रतिशतमात्रै मत पाउने गरेको देखिन्छ । यस मानेमा संरा अमेरिकाको निर्वाचनलाई निकै थोरै मत पाउने (पहिलो हुने निर्वाचित हुने भएकोले) प्रतिनिधिले बहुमत जनतालाई शासन गर्ने पद्धति मान्न सकिन्छ ।

तर चीनमा त्यस्तो अवस्था छैन । चीनमा सबै जनताले आफ्नो इलाका/क्षेत्रमा मतदान गरी आफ्नो प्रतिनिधि छनोट गरिन्छ ।

**नेपालमा निर्वाचनको सुरुआत**

नेपालमा पछिल्लो ३५ (पैँतीस) वर्षमा पटक-पटक निर्वाचन भए । तर, ती आवधिक निर्वाचनबाट गठित व्यवस्थापिका संसद् होस् वा संसद्बाट निर्वाचित सरकारले तोकिएको आयु पूरा गरेको रेकर्ड राम्रो छैन ।

यस मानेमा नेपालमा आवधिक निर्वाचनलाई सफल मान्न सकिन्न या नेपालको लागि आवधिक निर्वाचनप्रति आम जनताको चेतनास्तरमा कमी महसुस गर्न सकिन्छ ।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गर्दै आएको पाइन्छ । चाहे त्यो २०१९ सालको पञ्चायती व्यवस्थामा भएको निर्वाचन होस् या बहुदलीय व्यवस्थामा भएका निर्वाचनहरू ।

राजा महेन्द्रले भगवतीप्रसाद सिंहको अध्यक्षतामा संविधान मस्यौदा समिति गठन गरेका थिए । सोही समितिले तयार गरेको मस्यौदालाई आधार मानेर २०१५ फागुन १ गते नयाँ संविधान जारी भयो ।

संविधानबमोजिम १०९ सदस्य रहने तल्लो सभा प्रतिनिधिसभाको निर्वाचन जनताबाट प्रत्यक्ष निर्वाचनको माध्यमबाट हुने भयो । माथिल्लो सभा महासभा भने प्रतिनिधिसभाबाट निर्वाचित आधा र राजाबाट मनोनीत आधा सङ्ख्या हुने व्यवस्था गरियो ।

संविधानबमोजिम प्रतिनिधिसभाको निर्वाचनका लागि २०१५ फागुन ७ गते आम चुनाव घोषणा गरियो । १०९ प्रतिनिधिसभा सदस्य पदका लागि भएको निर्वाचनमा ९ वटा राजनीतिक दलबाट ५१८ जना र स्वतन्त्र २६८ गरी कुल ७८६ जना उम्मेदवार चुनावी मैदानमा रहेको तथ्याङ्कबाट देखिन्छ ।

४२ लाख ४६ हजारभन्दा बढी मतदाताहरूमध्ये १९ लाख ८१ हजार मत खसेको बताइन्छ । जुन करिब ४२ प्रतिशत हुन्छ ।

नेपालको आमनिर्वाचनको इतिहासमा २०१५ सालको आमचुनावलाई पहिलो निर्वाचन मानिए तापनि यसअघि पनि नेपालमा निर्वाचनको अभ्यास भइसकेको देखिन्छ ।

श्री ३ पद्मशमशेरले नेपालमा पहिलो पटक निर्वाचन गराएको इतिहास छ । उनले २००४ सालको जेठ २९ गते काठमाडौँ म्युनिसिपालिटीको निर्वाचन गराएका थिए ।

त्यस्तै २०१० भदौ १७ गते पनि काठमाडौँ नगरपालिकामा पुनः निर्वाचन भएको बताइन्छ ।

त्यस्तै काठमाडौँ नगरपालिकाको निर्वाचनको केही समयपछि २००४ सालमै भक्तपुर र ललितपुर नगरपालिकामा पनि निर्वाचन गराएको बताइन्छ ।

२०१७ सालमा राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिई 'कु' गरेपछि गाउँ पञ्चायत गठनको प्रक्रिया सुरु भएको मानिन्छ ।

त्यसपछि राजा महेन्द्रले २०१८, २०१९ देखि गराउन थालिएको स्थानीय निर्वाचन पञ्चायतकालमा २०४३ सालसम्म जारी रह्यो ।

२०४६ सालको जनआन्दोलनपछि जारी भएको २०४७ सालको संविधानबमोजिम २०४८ सालमा आम निर्वाचन र २०४९ सालमा स्थानीय निर्वाचन भएको देखिन्छ ।

त्यसपछि २०५४ सालमा भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको पदावधि सकिएपछि राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएका कारण राजनीतिक दलहरूले स्थानीय निर्वाचन बहिष्कार गरी प्रतिगमनविरोधी आन्दोलनलाई निरन्तरता दिएका थिए ।

एकदलीय निरङ्कुश पञ्चायती व्यवस्थामा २०१९, २०२६, २०३५, २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन भएको देखिन्छ भने २०१८, २०२८, २०३२, २०३८ र २०४२ सालमा स्थानीय पञ्चायतको निर्वाचन भएको देखिन्छ ।

२०६२/६३ को परिवर्तनपछि २०६४ र २०६९ सालमा संविधानसभाको निर्वाचन भएको र संविधानसभाले नै व्यवस्थापिका संसद्को काम गरेको देखिन्छ ।

त्यस अवधिमा स्थानीय तहको निर्वाचन गराउन विभिन्न राजनीतिक दलले माग गर्दै आए तापनि स्थानीय तहको निर्वाचन हुन सकेन । जसका कारण स्थानीय तहमा जनप्रतिनिधिमूलक हुन सकेन ।

जनप्रतिनिधिको अभावमा कर्मचारीहरूको भरमा करिब १४/१५ वर्ष स्थानीय तह निकै अन्योलग्रस्त रूपमा चल्यो ।

२०७२ असोज ३ गते नयाँ संविधान जारी भएपछि २०७३ जेठमा स्थानीय तहको निर्वाचन र २०७३ मङ्सिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको देखिन्छ ।

तत्पश्चात् २०७९ सालमा पुनः दोस्रो पटक स्थानीय तहको र प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन भएपछि २०८२ साल भदौ २३ गते भएको युवाहरूको प्रदर्शनपछि भड्किएको आगजनी र विध्वंशपछि ओली सरकारले राजीनामा दिएको र प्रधानमन्त्री ओलीकै सहमति र सिफारिसमा राष्ट्रपतिले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरिएको छ ।

**फागुन २१ को आसन्न निर्वाचन**

प्रधानमन्त्री पदमा नियुक्ति भएका सुशीला कार्कीले पद तथा गोपनीयताको शपथसँग तत्काल २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मितिसहित प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गरेको र सोही दिन राष्ट्रपतिले प्रतिनिधिसभा (सङ्घीय संसद्) विघटन गरेको अवस्था छ ।

सोहीबमोजिम कार्की सरकारको आम निर्वाचनको मार्गमा अघि बढ्दै गरेको देखिन्छ ।

तर, व्यापक जनता किसान र मजदुर रहेको नेपाली समाजमा आम निर्वाचनको उपादेयता र निर्वाचनमा उम्मेदवार वा राजनीतिक दल छनोट प्रक्रिया तथा चेतनास्तरको अभावमा जुनसुकै सरकारले गराउने निर्वाचनको परिणामबाट व्यक्ति परिवर्तन भए तापनि व्यवस्था र जनताको अवस्थामा कुनै परिवर्तन आउने आशा गर्न सकिन्न ।

हालसम्म भएका निर्वाचनमा जनताले आफ्नो राजनीतिक सुझबुझको प्रयोग गरी राजनीतिक दल तथा दलसँग सम्बन्धित उम्मेदवारको पक्षमा मतदान गरेको देखिन्न ।

अझ देशका कुनाकाप्चाको त के कुरा गर्नु, राजधानी काठमाडौँको विगतका निर्वाचन परिणामलाई अध्ययन गर्ने हो भने राजधानीका बासिन्दामा राजनीतिक चेतनास्तर निकै कमजोर भएको सहजै अनुमान गर्न सकिन्छ ।

आम निर्वाचनमा व्यक्ति, दल वा दलका उम्मेदवार तथा राजनीतिक दल र उनका उम्मेदवारले भन्ने भनाइ तथा घोषणापत्रमा लेख्ने झूटा आश्वासन महत्त्वपूर्ण कुरा होइन ।

महत्त्वपूर्ण कुरा त कुन राजनीतिक दलले कस्तो राजनीतिक विचार र सिद्धान्त बोकेको छ ? देशमा कस्तो राजनीतिक व्यवस्था स्थापना गर्ने उद्देश्यले दल दर्ता गराएको हो ? सो राजनीतिक दलले आफ्नो भनाइबमोजिमको व्यवहार (गराई) अर्थात् निर्वाचन घोषणापत्रको कार्यान्वयन गर्दै आएको छ या छैन ? ती माथीका सबै कुरा जनतालाई बुझाई राजनीतिक रूपमा जनतालाई सचेत/शिक्षित बनाउने कार्यक्रम गर्दै आएको छ कि छैन ? भन्ने हो ।

तर, देशमा भएका आमनिर्वाचनमा पटक -पटक बहुमत ल्याएर पटक पटक सरकारमा पुगेका राजनीतिक दलहरूले पनि आफ्नो राजनीतिक सिद्धान्त र विचारको बारेमा जनतालाई सचेत बनाउन निरन्तर कार्यक्रम गर्ने गरेको पाइँदैन । बरु, उल्टै निर्वाचनताका मासुभात, ससाना जागिर, प्रमोसन, लोभलालच, पदपैसामा लोभ्याउने, आफू इटर आस्था राख्ने मानिसहरूलाई डरत्रास, धाकधम्की देखाई, निर्वाचन आचारसंहिताविपरीत करोडौँ रुपैयाँ खर्च गर्नुका साथै साम, दाम, दण्ड, भेदको प्रयोग गरी जसरी पनि निर्वाचन जित्ने गरेको जगजाहेर छ ।

जनताको आँखामा त्यसरी पटक पटक धुलो छ्याप्दै, झूटो आश्वासन बाँड्दै निर्वाचन जित्ने गरेको र सरकार गठनमा पनि दलीय भागबन्डा र गुट हाबी भई देश र जनतालाई प्राथमिकतामा नराख्दा गत भदौमा भएको युवाहरूको प्रदर्शनले निर्लज्जतापूर्वक सत्ताच्युत हुनपरेको अवस्था देखिएको छ ।

**भ्रष्ट, फटाहाहरूलाई ठेगान लगाउन अवसर**

अझै पनि राजनीतिक दलहरूले आफूलाई सुधार नगर्ने हो भने युवाहरूको मात्र होइन, व्यापक किसान, मजदुरहरूले सरकारमा पटक पटक पुगेका भ्रष्ट नेताहरूलाई निर्वाचनको माध्यमबाट नभए सङ्घर्षको माध्यमबाट ठेगान लगाउने निश्चित छ ।

निर्वाचनलाई विभिन्न जातजाति, भाषाभाषीहरूबिचको मतभेदको रूपमा नभई वर्गीय सङ्घर्षको रूपमा उपयोग गर्नु जरुरी छ । अर्थात कुन राजनीतिक दलले देशको सार्वभौमसत्ता र भूअखण्डताको रक्षाको कुरा र व्यवहार प्रदर्शन गर्दै आएको छ ? कुन राजनीतिक दलले गरिब जनतालाई सत्तामा बहाली गराउन निर्वाचनमा भाग लिएको छ ? भन्ने सुझबुझका साथ आमनिर्वाचनलाई उपयोग गर्नु आजको आवश्यकता हो ।

राजनीतिक दललाई कुनै किसिमले प्रतिबन्ध लगाउन नपाउने, सबै राजनीतिक दलको हैसियत समान हुने संवैधानिक व्यवस्था रहेकोमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐनहरूमा गरिएको मतसीमा (थ्रेसहोल्ड) को व्यवस्था प्रजातान्त्रिक मूल्य मान्यताको विपरीत हुनुका साथै संरा अमेरिकामा जस्तो दुईदलीय तानाशाही व्यवस्था स्थापना गर्न खोजिएको प्रस्ट छ ।

त्यसको विरोधमा सम्पूर्ण न्यायप्रेमी जनता एकजुट भई आगामी निर्वाचनमा देशद्रोही, भ्रष्टाचारी, तस्करी, फटाहाहरूलाई परास्त गर्नु पर्दछ ।

२०८२ पुस ५

सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - ६

✍ हरिबहादुर श्रेष्ठ

**मुक्तिदाता र विजयी स्तालिन फेरि निर्माणमा**

स्तालिनले रुसी जनताको महान् देशभक्तिपूर्ण लडाइँको नेतृत्व गर्नुभयो र समाजवादी मातृभूमिलाई मुक्त गर्नुभयो । स्तालिनको सर्वहारा अन्तर्राष्ट्रवादी नीतिले गर्दा त्यो विजय रुसी जनतामा मात्रै सीमित भएन । अलवानिया, बुलगेरिया, पूर्वी जर्मनी, हङ्गेरी, पोल्यान्ड, चेकोस्लाभाकिया, रुमानिया र युगोस्लाभाकियाका जनताले पनि जनताको प्रजातान्त्रिक गणतन्त्रको स्थापना गर्न पाए । ती देशका मजदुर र किसानहरू मिलेर पुँजीपति र जमिनदारवर्गको शासनलाई उखेलेर फाल्न सफल भए ।

युद्धबाट ध्वस्त भएको देशलाई फेरि निर्माण गर्नु युद्धभन्दा गाह्रो काम थियो । ध्वस्त भएको खेती, उद्योग, बिजुली, यातायात, स्कूल, कलेज, अस्पताल र जनताको बस्ने घरलाई मर्मत र निर्माण गर्नुमात्रै होइन, युद्धभन्दा पहिलेको स्थितिबाट देशलाई सबै क्षेत्रमा अरू अगाडि बढाउनु पनि आवश्यक थियो । दासता र युद्धबाट भर्खर मुक्त भएका देशहरूलाई पनि सहयोग दिने अन्तर्राष्ट्रिय कर्तव्य रुससँग गाँसिएको थियो । यसकारण, पार्टीको केन्द्रीय समिति र स्तालिनले पाँचौं पाँचवर्षीय योजना (१९४६-१९५०) को तर्जुमा गर्नुभयो । कृषि, उद्योग, बिजुली, यातायात, खानी, शिक्षा र संस्कृतिसमेतको विकासलाई छुट्याउन स्तालिनले लाखौं नयाँ नयाँ कार्यकर्ताहरूलाई 'क्रान्तिकारी र खप्पिस' बनाउने तालिम दिने नीति लिनुभयो । उहाँको त्यस बुद्धिमत्तापूर्ण नीतिले गर्दा छिट्टै सबै क्षेत्रमा राम्रो प्रगति भयो । १९४६ मा सोभियत रुसले आफ्नो पहिलो एटम बम परीक्षण गर्यो र १९५३ मा हाइड्रोजन बम परीक्षण गर्ने चाँजोपाँजो मिलाइयो । यसले संरा अमेरिकाको आणविक हतियारमा भएको एकलौटीको हाँकधाकलाई टुक्राइदियो । आक्रामक साम्राज्यवादीहरूलाई यो एक ठुलो जवाफ थियो । शान्तिप्रिय र न्यायप्रिय जनताको निम्ति यो ठुलो आडभरोसा बन्यो ।

१९५० सम्ममा अथवा युद्धपछिको पहिलो पाँचवर्षीय योजनामा ६ हजारभन्दा बढी औद्योगिक संस्थानहरूलाई मर्मत र निर्माण गरियो । उत्पादन युद्धभन्दा पहिलेको दाँजोमा ७५ प्रतिशत बढ्यो । १९४० को दाँजोमा १९४८ भित्र खेतीमा दुई गुणा बढी ट्राक्टर र चौगुणाभन्दा बढी मेसिनहरू उपलब्ध गराइयो । ४-५ वटा स-साना सामूहिक खेती मिलाएर २-३ हजारभन्दा बढी हेक्टर खेत भएको ठुलठुला सामूहिक खेती सङ्गठित गरियो । २७ लाख घरविहीन जनतालाई बसोबास गर्न ४० लाखभन्दा बढी बस्ने घरकोठा बनाइयो । पशुधनमा पनि ठुलो विकास गरियो ।

सोभियत सङ्घ स्तालिनको बुद्धिमत्तापूर्ण नेतृत्वमा राजनैतिक र आर्थिकरूपले बलियो हुँदै गयो । स्तालिनको सोभियत सङ्घ साम्राज्यवादविरोधी एक ठुलो शक्तिमा फेरियो । त्यसैले साम्राज्यवादी र उपनिवेशवादी शक्तिहरूको विरोधमा मुक्ति र स्वतन्त्रताको निम्ति सङ्घर्ष गरिरहेका एसियाली जनताको निम्ति सोभियत सङ्घ मानसिक र भौतिक शक्तिको प्रेरणा स्रोत साबित भयो । चीन, भियतनाम, कोरिया, इन्डोनेसिया, बर्मा, भारत, लङ्का आदि एसियाली देशका जनताले मुक्ति र स्वतन्त्रता पाउँदै गए ।

रुस विभिन्न जाति र भाषाभाषी जनताको एक विशाल देश हो । त्यहाँ जातीय र भाषासम्बन्धी अनेक समस्या र प्रश्नहरू उठिरहनु स्वाभाविक थियो । प्रगतिशील विचार राख्नेहरूमा समेत भाषासम्बन्धी अनेक खोटा विचारहरू बाँकी नै थियो । यसकारण, स्तालिनले १९५० जुलाई महिनामा भाषासम्बन्धी प्रश्न र समस्याहरूबारे मार्क्सवादी उत्तर र समाधानहरू दिनुभयो । रुस पहिलो समाजवादी देश थियो । पुँजीवादी समाजमा कहिले देखा नपरेका र नसुल्झिएका प्रश्नहरू रुसमा देखापरे । यसकारण, १९५१ मा समाजवादी आर्थिक समस्याहरूबारे रुसमा छलफल सुरु भयो । १९५२ सेप्टेम्बर महिनामा स्तालिनले बडो प्रभावशाली ढङ्गले समाजवादी अर्थतन्त्रको नयाँ समस्याहरूको समाधान गरिदिनुभयो । यो संसारको निम्ति एक नौलो र व्यावहारिक खोजबिन थियो । उहाँले आफ्नो देश र समाजवादको अर्थ व्यवस्थाको जगलाई बलियो र विकास गर्न अर्थतन्त्रको हरेक क्षेत्रमा यान्त्रीकरण र बिजुलीकरण गर्ने नीति लागु गर्दै जानुभयो ।

त्यसबेला संरा अमेरिकी साम्राज्यवादको नेतृत्वमा सबै साम्राज्यवादी प्रतिक्रियावादीहरू एक भएर फेरि कोरियामा लुटपाट र डकैती गर्न थाले । कोरियालाई आधार बनाएर चीन, रुस र सम्पूर्ण एसियामा फेरि साम्राज्यवादी दासताको जाल फैलाउन १९४० देखि नै अमेरिकाले दक्षिण कोरियामा आफ्नो सेना उतारे । पूर्वी एसियामा फेरि युद्धको परिस्थिति देखापर्यो, अमेरिकाले उत्तर कोरियामाथि चौतर्फी हमला सुरु गर्यो । रासायनिक र किटाणु युद्धजस्ता अपराधहरू सुरु गर्‍यो । कोरियाली जनताले बहादुरीपूर्वक अमेरिकी साम्राज्यवादी आक्रमणको विरोधमा सङ्घर्ष गरे । सर्वहारा अन्तर्राष्ट्रवादी सिद्धान्तको एक उज्ज्वल नमुनाको रूपमा चिनियाँ जनताका स्वयंसेवकहरू कोरियाली जनतासँग मिलेर अमेरिकी साम्राज्यवादविरोधी सङ्घर्षमा सामेल भए । १९५२ अक्टोबर महिनामा रुसी कम्युनिस्ट पार्टीको १९ औं महाधिवेशन भयो । त्यस महाधिवेशनमा ४४ कम्युनिस्ट र मजदुर पार्टीहरूको प्रतिनिधि पाहुनाहरू उपस्थित थिए । महाधिवेशनले सम्भावित तेस्रो विश्वयुद्धको खतरा र सोभियत सहायताको महत्त्वबारे छलफल गर्‍यो । हिन्द-चिनी जनता पनि फ्रान्सेली साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्दै थिए । महाधिवेशनले साम्राज्यवादविरोधी कोरियाली र भियतनामी जनताको सङ्घर्ष र शान्तिको पक्षमा आवाज उठाउने र लोकमत तयार गर्नेबारे छलफल गर्‍यो । राष्ट्रिय अर्थतन्त्रको विकास र अन्तर्राष्ट्रिय परिस्थितिको हिसाबले त्यो महाधिवेशन सान्है महत्त्वपूर्ण थियो ।

स्तालिनले एकपछि अर्को घरेलु र अन्तर्राष्ट्रिय नीतिहरू लागु गरी समाजवादलाई बलियो र क्रान्तिलाई अगाडि बढाउँदै जानुभयो । तर, देशी र विदेशी शोषकवर्ग अनेक षड्यन्त्रमा लागेकै थिए । स्तालिन ती षड्यन्त्रहरूको विरोधमा रुस र संसारका मजदुरवर्गलाई बाटो देखाउँदै जानुभयो । मजदुरवर्गको मुक्तिको निम्ति सङ्घर्ष गर्दा गर्दै स्तालिन ७४ वर्षको परिपक्व अवस्थामा पुग्नुभयो । शारीरिकरूपले कमजोर हुँदै गए पनि समाजवादको निर्माण र कामदार जनताको मुक्ति सङ्घर्षबारे नथाकिकन जीवनभर काम गर्दै रहनुभयो । ५ मार्च, १९५३ को दिन स्तालिन ध्यानमग्न अवस्थामै सदाको निम्ति संसारबाट अस्ताउनुभयो ।





९ मार्च, १९५३ को दिउँसोको बाह्र बजेको थियो । रुसी क्रान्तिको धुन बजिरहेको थियो । रुसका सारा मजदुर, किसान र क्रान्तिकारी जनता आफ्नो महान् राष्ट्रपिताको शोकमा डुबेका थिए । पार्टीको केन्द्रीय समितिका साथीहरूले आफ्ना महान् गुरूको भौतिक शरीरलाई समाधि मण्डपमा सजाए र आफ्ना महान् नेतालाई अन्तिम सलामी चढाए । सोभियत कम्युनिस्ट पार्टीले आफ्नो महान् सिद्धान्तकार, रणनीतिज्ञ, मार्क्सवादका उत्तराधिकारी र लेनिनवादका एक संस्थापकको अन्तिम सलामीमा घोषणा गर्‍यो, "स्तालिनको अमर नाउँ सोभियत जनता र सारा प्रगतिशील मानवजातिको हृदयमा सदा ताजा रहनेछ ।"

हङ्गेरीका जनताले आफ्नो सहयोद्धा र मुक्तिदाता स्तालिनको सम्झना सदा ताजा राख्न उहाँको २० हात अग्लो सालिक मूर्तिमान गरे । चेकोस्लोभाकियाली जनताले पनि आफ्ना महान् अन्तर्राष्ट्रवादी सहयोद्धा र मुक्तिदाताको ५६ हात अग्लो सालिक प्रागको लिना पहाडमा स्थापना गरेर आफ्नो सम्मान व्यक्त गरे । संसारका सबै सर्वहारावर्ग, दलितपीडित र विवेकशील जनताले शोकलाई बलमा फेरेर साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवाद, शोषण, दमन र अत्याचारको विरोधमा सङ्घर्ष गर्ने सङ्कल्प गरे । संसारका सच्चा मार्क्सवादी-लेनिनवादीहरूले स्तालिनको शिक्षाअनुसार संशोधनवादको विरोधमा सङ्घर्ष गर्ने महान् झन्डालाई अझमाथि उचाल्ने प्रतिज्ञा गरे । नेपाली जनताले पनि स्तालिनको शोक सभा र प्रदर्शन गरी आफ्ना अन्तर्राष्ट्रवादी साथी र गुरूलाई अन्तिम सलामी चढाएका थिए ।

**स्तालिनको व्यक्तित्व**

स्तालिनको जीवनकालमै पाब्लो नेरूदा, नाजिय हिक्मतजस्ता संसारका अनेक ठुला-ठुला कवि र गीतकारहरूले एक महान् सर्वहारा अन्तर्राष्ट्रवादी लडाकुको रूपमा स्तालिनको प्रशंसामा कविता र गीतहरू लेखेका थिए । संसारका थुप्रै लेखक र ग्रन्थकारहरूले पनि उहाँको प्रशंसामा थुप्रै लेख र किताबहरू लेखेका थिए । तर, उहाँ भने आफ्नो बधाई पटक्कै गर्नु हुन्नथ्यो र लेनिनको जाज्वल्यमान प्रतिभाबारे बयान गर्नुहुन्थ्यो । एक जर्मनी लेखक इमिल लुडविगसँगको छलफलमा आफ्नोबारे स्तालिनले भन्नुभएको थियो, "म त लेनिनको शिष्यमात्रै हुँ र म उहाँको योग्य शिष्य बन्ने उद्देश्य राख्छु ।" स्तालिनको नम्रताको यो एक उज्ज्वल उदाहरण हो । उहाँ साँचो अर्थमा मजदुरवर्गको असल शिष्य र महान् गुरु हुनुहुन्थ्यो । उहाँ किसानवर्गका सहयोद्धा र उद्धारक हुनुहुन्थ्यो । आत्मप्रशंसा, घमण्ड, फाइँफूर्ति, नाउँ चलाउने वा प्रकाशमा आउनेजस्ता वैगुणलाई उहाँ आगोले पोलेको जत्तिकै पन्छाइ दिनुहुन्थ्यो । हाँसो मनपर्ने र विषयवस्तुमाथि गम्भीररूपले अध्ययन गर्ने उहाँको सरल स्वभाव थियो । नि:स्वार्थरूपले क्रान्तिको सेवा गर्ने उहाँ एक महान् आदर्श हुनुहुन्थ्यो । उहाँले आफ्नो जहानबच्चा, घरखेत, सम्पत्ति र स्वार्थ सबै क्रान्तिसँग गाँसी दिनुभएको थियो ।

१९०४ जूनमा उहाँले एकातेरिना स्भानिद्जी नाउँ गरेकी एक सरल जार्जियाली केटीसँग बिहे गर्नुभएको थियो । उहाँ त्यसबेला २५ वर्षको तरुण हुनुहुन्थ्यो । स्भानिद्जी स्तालिनलाई सान्है माया गर्थिन् । तीन वर्षपछि अर्थात् १० अप्रिल १९०७ को दिन तिनी जाकोभ भन्ने एक छोरो छोडेर खसिन् । जाकोभ आफ्नै हजुरआमा (बज्यै) को हेरचाहमा हुर्क्यो । जाकोभ पछि सेनामा भर्ती भयो । हिटलरी जर्मनीसँगको देशभक्तिपूर्ण सङ्घर्षमा जाकोभलाई जर्मनी सेनाले बन्दी बनायो । भनिन्छ, हिटलर जाकोभलाई रुसमा बन्दी बनाइएका जर्मनी सिपाहीँहरूसँग साटफेर गर्न चाहन्थ्यो । तर, स्तालिनले आफ्नो छोरो वा व्यक्तिगत स्वार्थको निम्ति देशभक्तिपूर्ण सङ्घर्षमा आँच आउने त्यस्तो प्रस्तावलाई अस्वीकार गरिदिनुभयो ।

१९१९ मार्च महिनामा स्तालिनले नादेज्दा आलिस्युइया भन्ने एउटी केटीसँग दोस्रो विवाह गर्नुभयो । त्यसबेला उहाँ ४० वर्षको हुनुहुन्थ्यो । नादेज्दा आलिस्युइया एक भर्खरकी तरुणी थिइन् र उनी स्तालिनकै जार्जियाली साथी सेर्गो आलिस्युइयाकी छोरी थिइन् । नादेज्दा आलिस्युइयाको कोखबाट १९१९-२० तिर छोरो भासिली र १९२५ मा छोरी स्वेतलाना जन्मे । छोरो भासिली पछि एक सैनिक अफिसर बन्यो र छोरी स्वेतलाना स्तालिनको मृत्युपछि विदेश लागिन् । १९३२ मा नादेज्दा आलिस्युइया खसिन् । तर, स्तालिनले क्रान्ति र पार्टीको सट्टा आफ्ना जहान बच्चा र घरखेतलाई अँगालेर बस्नुभएन । सिद्धान्तको ठाउँमा उहाँले नातालाई कहिले महत्त्व दिनुभएन । यस अर्थमा उहाँ नि:स्वार्थी भावनाको एक उदाहरण र मूर्ति हुनुहुन्थ्यो ।

स्तालिन एक लेनिनवादी हुनुहुन्थ्यो । मजदुर आन्दोलन, सैद्धान्तिक सङ्घर्ष, सशस्त्र सङ्घर्ष र समाजवादी निर्माणजस्ता सबै अग्निपरीक्षाबाट उहाँ खारिनुभएको थियो र देशभक्तिपूर्ण सङ्घर्षमा उहाँले एक समाजवादी देशलाई विजयसम्म पुर्‍याउनुभएको थियो । एक पछाडि परेको खेतीवाल देशलाई उहाँले अगाडि बढेको एक समाजवादी औद्योगिक देशमा फेरिदिनुभयो । बेलायतले ३ सय वर्ष लगाएर गरेको प्रगति, अमेरिकाले २ सय वर्ष लगाएर गरेको विकास र फ्रान्सले १५० वर्ष लगाएर हासिल गरेको ज्ञानलाई स्तालिनले ३०-४० वर्षभित्र गर्न सक्ने बनाइदिनुभयो । उहाँ क्रान्ति र समाजवादका शत्रुहरूलाई सान्है घृणा गर्नुहुन्थ्यो र सैद्धान्तिक वा व्यावहारिक हरेक सङ्घर्षमा उहाँ ज्यानको वास्तै नगरी मोहडामै बसेर अघि बढ्नुहुन्थ्यो । सिद्धान्त र उद्देश्यप्रति अटल, व्यवहारमा सान्है परिपक्व, मजदुर, किसान र जनतासँग नङ र मासु जत्तिकै एक हुनसक्ने उहाँमा आश्चर्यजनक गुण थियो । अति उल्झिएको समस्याबारे समेत ठिक्क उपाय बताउन सक्ने, ठुलठुला आपत्तिको समयमा समेत नआत्तिई धैर्यपूर्वक काम गर्न सक्ने, जस्तोसुकै कष्ट भोग्न तयार रहने, रातदिन काम गर्न सक्ने र सङ्घर्षबाट नथाक्ने उहाँको गजबको स्वभाव थियो । सिद्धान्त, विदेश नीति, स्थानीय शासन, साहित्य, कला, सहकारी खेतीका आदर्श नियमहरू, लडाइँका सिद्धान्तहरू, ऐनकानुन, पत्रपत्रिका आदि सबै विषयमा उहाँले त्यतिकै राम्रोसँग कलम चलाउनुहुन्थ्यो । उहाँको काम गर्ने शक्ति, पार्टी र जनताप्रतिको विश्वास र भक्ति अपार थियो । जनतासँग उहाँ गुलावजस्तै नरम हुनुहुन्थ्यो भने शत्रुसँग उहाँ बज्रभन्दा कठोर हुनुहुन्थ्यो । जिद्दी र एकोहोरोपन, घमण्ड र देखावटीपन, फलाको र उत्ताउलापनजस्ता वैगुणलाई उहाँ सान्है घृणा गर्नुहुन्थ्यो । हावादारी कुरा गर्ने रून्चे र डरछेरुवाहरूलाई उहाँ मन पराउनु हुन्नथ्यो ।

सोभियत जनताको आँखामा स्तालिन वीरताको मूर्ति र देशभक्तिको उदाहरण हुनुहुन्थ्यो । जर्मन र जापानको आक्रमणको विरोधमा लड्दा सोभियत पैदल र जलसेना 'स्तालिन र देशको नाममा' लड्थे । स्तालिन रुसी सेनाको बल र साहसको प्रेरणा स्रोत हुनुहुन्थ्यो । मजदुर, किसान र बुद्धिजीवीहरू स्तालिनकै प्रेरणाबाट काम गर्थे । रुसका विभिन्न जनजातिका जनताले महान् नेता, गुरू, साथी र सेना नायकलाई सबभन्दा ठुलो प्यार र असीम भक्ति देखाउन आ-आफ्ना भाषामा स्तालिनबारे गीतहरू लेख्थे र गाउँथे । जनताको एक गीतमा भनिएको थियो, "हामी लेनिनकहाँ जस्तै स्तालिनकहाँ जान्छौं, हामी लेनिनसँग जस्तै स्तालिनसँग कुरा गर्छौं । उहाँ भित्री हृदयका कुराहरू थाहा पाउनुहुन्थ्यो । उहाँले जीवनभर हाम्रो निम्ति काम गर्नुभयो ।" सोभियत केटाकेटीको निम्ति खुसीको नाम नै स्तालिन थियो । लेनिन र स्तालिन हेर्नु नै तिनीहरूको सबभन्दा ठुलो इच्छा हुन्थ्यो । यसकारण, पार्टीमा भन्ने चलन थियो, "स्तालिन आजको लेनिन हुनुहुन्छ ।" स्तालिनको नाम नै सोभियत समाजको वैचारिक र राजनैतिक एकताको प्रतीक थियो ।

रुसी सर्वहारावर्ग र संसारका सबै प्रगतिशीलवर्गले स्तालिनलाई सान्है प्रेम र आदर गर्दै भने, रुस र संसारका शोषक र प्रतिक्रियावादीहरूले स्तालिनलाई त्यत्तिकै विरोध गर्थे । वर्गसङ्घर्षको यो एक नियम हो । स्तालिन संसारमा अस्ताउनु भएपछि सोभियत कम्युनिस्ट पार्टी र सरकारमा घुसेका र लुकेका भूतप्रेत चोर-डाँकु, संशोधनवादी, विश्वासघाती र स्वार्थी तत्त्वहरू बाहिर निस्के । १९५६ को फेब्रुअरीमा भएको २० औं पार्टी महाधिवेशनमा ठुलो सैद्धान्तिक सङ्घर्ष भयो । लेनिनले भन्नुभएजस्तै 'कुन वर्गले विजय पाउने हो' भन्ने कुरा टुङ्गिसकेको थिएन । सङ्घर्षमा शोषकवर्गका हिमायती संशोधनवादीहरूले जालझेल गरेर पार्टी र राज्यको शक्ति हत्याए । मार्क्सवादी-लेनिनवादी सिद्धान्त त्यागे र 'व्यक्तिपूजा' को नामले रुसी जनताका महान् नेता र विश्व सर्वहारावर्गका महान् गुरू स्तालिनलाई अपमान गरे । स्तालिनको विरोध गर्नु वास्तवमा मार्क्सवाद-लेनिनवाद, क्रान्ति र समाजवादको विरोध गर्नु थियो । संशोधनवादी धोखेबाजहरूको विरोधमा रुस र संसारका सच्चा मार्क्सवादी-लेनिनवादीहरूले स्तालिनको झन्डालाई अझ माथि उचाल्न थाले । चिनियाँ जनताको महान् नेता र सर्वहारा अन्तर्राष्ट्रवादका महान् सेनानी माओ त्सेतुङले रुसी संशोधनवादीहरूको विरोधमा मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी परम्परा र पवित्रतालाई जोगाउने महान् सङ्घर्षको झन्डालाई अझ माथि उठाउने सङ्कल्प गर्नुभयो र सङ्घर्षलाई विजयतिर लैजानुभयो ।

*समाप्त*

# म्यान्मामा पाँच वर्षपछि आम चुनाव




बैङ्कक, ११ पुस (एपी) । म्यान्मामा आइतबार पाँच वर्षपछि पहिलोपटक आम निर्वाचनको पहिलो चरण हुँदैछ । तर आलोचकहरूका अनुसार यो चुनावले सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि कमजोर बनेको लोकतन्त्र पुन:स्थापना गर्ने छैन भने सैन्य शासनले निम्त्याएको गहिरो गृहयुद्धको समाधान पनि गर्ने छैन ।

चार वर्षअघि सेनाले आङ सान सुकी नेतृत्वको निर्वाचित सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई वैधानिकता दिन बहुदलीय लोकतन्त्रमा फर्किएको देखाउन यो चुनावको तयारी गरिएको हो । तर उक्त अधिग्रहणपछि सुरु भएको व्यापक जनआन्दोलन गृहयुद्धमा परिणत भइसकेको छ, जसका कारण धेरै क्षेत्रमा मतदान नै गर्न कठिन भएको छ ।

निर्वाचन तीन चरणमा हुने तय भएको छ । पहिलो चरण आइतबार, दोस्रो जनवरी ११ र तेस्रो जनवरी २५ मा हुनेछ । निरन्तर द्वन्द्वका कारण केही क्षेत्रमा मतदान नहुने जनाइएको छ ।

मानव अधिकार समूह र विपक्षी दलहरूले यो चुनाव स्वतन्त्र र निष्पक्ष नहुने दाबी गर्दै वास्तविक शक्ति सैन्य प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङकै हातमा रहने बताएका छन् । इन्टरनेसनल क्राइसिस ग्रुपका म्यान्मा विश्लेषक रिचर्ड होर्सीले सन् २०२१ को सत्ता कब्जा गर्ने उही सेनाले नै चुनाव सञ्चालन गरिरहेको उल्लेख गर्दै यी निर्वाचनलाई 'विश्वसनीय नरहेको' बताउनुभएको छ ।

उहाँका अनुसार सेनाको रणनीति सैन्यसमर्थित युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) लाई जित दिलाई नागरिक शासनजस्तो देखिने तर सेनाको नियन्त्रण कायम रहने व्यवस्था बनाउने हो । यसबाट म्यान्माले क्षेत्रीय सङ्गठन आसियानको शान्ति प्रस्तावअनुसार समावेशी संवादतर्फ अघि बढेको दाबी गर्न सक्नेछ ।

चीन, भारत र थाइल्यान्डजस्ता छिमेकी मुलुकहरूले स्थिरताको नाममा समर्थन जारी राख्न सक्ने विश्लेषकहरूको भनाइ छ । तर पश्चिमी देशहरूले भने सैन्य शासनको प्रजातन्त्रविरोधी कदम र दमनका कारण प्रतिबन्ध कायमै राखेका छन् ।

सैन्य सरकारले सन् २०२१ फेब्रुअरी १ मा सन् २०२० को निर्वाचन अवैध भएको दाबी गर्दै सत्ता लिएको थियो । तर स्वतन्त्र पर्यवेक्षकहरूले त्यतिबेला गम्भीर अनियमितता नदेखिएको बताएका थिए ।

यसपटक ३३० टाउनसिपमध्ये पहिलो चरणमा १०२ सिटमा मतदान हुनेछ । द्वन्द्वका कारण ६५ क्षेत्रमा मतदान हुनेछैन । ५७ दलले उम्मेदवारी दिए पनि अधिकांशले स्थानीय स्तरमै प्रतिस्पर्धा गरिरहेका छन् । नियमका कारण युएसडिपी नयाँ सरकारको नेतृत्वमा आउने सम्भावना बलियो देखिएको छ ।

राष्ट्रिय र प्रादेशिक व्यवस्थापिकाका एक हजारभन्दा बढी सिटका लागि करिब पाँच हजार उम्मेदवार मैदानमा छन् । केन्द्रीय निर्वाचन आयोगले मतदाताको कुल सङ्ख्या सार्वजनिक गरेको छैन, तर सन् २०२० मा तीन करोड ७० लाखभन्दा बढी मतदाता थिए ।

पूर्वनेत्री आङ सान सुकी र उहाँको नेसनल लिग फर डेमोक्रेसी पार्टी यस चुनावमा सहभागी छैनन् । सुकीले हाल राजनीतिक रूपमा प्रेरित आरोपमा २७ वर्षको जेल सजाय भोगिरहनुभएको छ र नयाँ सैन्य नियम मान्न अस्वीकार गरेपछि उहाँको पार्टी विघटन गरिएको थियो । अन्य धेरै दलले पनि चुनाव बहिष्कार गरेका छन् ।

यस वर्ष लागु गरिएको कडा निर्वाचन सुरक्षा कानुनले राजनीतिक गतिविधिमा थप प्रतिबन्ध लगाएको छ । पछिल्ला महिनाहरूमा सयौँ व्यक्तिलाई अभिव्यक्ति र अनलाइन गतिविधिका कारण मुद्दा लगाइएको छ ।

यसले सेनासमर्थित दललाई प्रभुत्व जमाउने र मिन आङ ह्लाइङलाई राष्ट्रपतिको पदतर्फ अघि बढाउने वातावरण तयार गरेको विश्लेषकहरू बताउँछन् ।

म्यान्माको द्वन्द्वले गम्भीर मानवीय सङ्कट सिर्जना गरेको छ । स्वतन्त्र संस्थाहरूका अनुसार २२ हजारभन्दा बढी व्यक्ति राजनीतिक कारणले हिरासतमा छन् र सात हजार ६०० भन्दा बढी नागरिक मारिएका छन् । ३६ लाखभन्दा बढी मानिस विस्थापित भइसकेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले चुनावअघि नै हिंसा, दमन र धम्की बढिरहेको जनाएको छ । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले चुनावले दोषीहरूलाई झन् बलियो बनाउने डर व्यक्त गरेका छन् । विश्लेषक होर्सीका अनुसार निर्वाचनपछि पनि म्यान्मामा द्वन्द्व झन् चर्किन सक्ने सम्भावना उच्च छ ।

## विश्व सङ्क्षेप

### चीनद्वारा इन्टरनेट उपग्रह प्रक्षेपण

वेनछाङ, हाइनान, ११ पुस (सिन्ह्वा) । चीनले शुक्रबार दक्षिणी टापु प्रान्त हाइनानबाट 'लङ मार्च-८ए' वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गरी इन्टरनेट सेवाका लागि प्रयोग हुने उपग्रहहरूको एक समूहलाई अन्तरिक्षमा पठाएको छ । लङ मार्च-८ए चीनद्वारा विकास गरिएको आधुनिक रकेट हो, जसको मुख्य उद्देश्य उपग्रहहरूलाई अन्तरिक्षमा पठाउनु हो । यो लङ मार्च रकेट शृङ्खलाको उन्नत संस्करण मानिन्छ र विशेष गरी पृथ्वी कक्षमा इन्टरनेट, सञ्चार तथा प्रविधिसम्बन्धी उपग्रह प्रक्षेपणका लागि प्रयोग गरिन्छ । उच्च सटीकता, विश्वसनीयता र व्यावसायिक तथा सरकारी दुवै प्रयोजनका लागि उपयुक्त क्षमताका कारण लङ मार्च-८ए चीनको अन्तरिक्ष कार्यक्रमको महत्त्वपूर्ण हिस्सा बनेको छ ।

बिहान ७ बजेर २६ मिनेटमा हाइनानस्थित व्यावसायिक अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट उडेको रकेटले न्यून पृथ्वी कक्षामा रहेका इन्टरनेट उपग्रहहरूको १७औँ समूहलाई निर्धारित कक्षमा सफलतापूर्वक स्थापित गरेको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन् । यस सफल प्रक्षेपणले चीनको अन्तरिक्षमा आधारित इन्टरनेट सञ्जाल विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### जापानको कारखानामा हिंसात्मक घटना : १४ जना घाइते

टोकियो, ११ पुस (एएफपी) । जापानको मध्य भागमा पर्ने शिजुओका प्रान्तको मिशिमा सहरस्थित एक कारखानामा भएको चक्कु प्रहारमा १४ जना घाइते भएका छन् ।

मिशिमाको अग्नि नियन्त्रण विभागका अधिकारी टोमोहारु सुगियामाका अनुसार घाइतेहरूलाई आपतकालीन सेवामार्फत अस्पताल लगिएको छ । उहाँका अनुसार शुक्रबार दिउँसो करिब साढे चार बजे नजिकैको रबर कारखानाबाट फोन आएपछि उद्धार टोली घटनास्थल पुगेको थियो ।

फोनमा पाँच वा छ जनालाई कसैले चक्कु प्रहार गरेको जानकारी दिइएको थियो । जापानी सञ्चारमाध्यमका अनुसार घटनासँग सम्बन्धित एक व्यक्ति प्रहरी नियन्त्रणमा लिइसकिएको छ ।

### फिलिपिन्समा यात्रुवाहक बस दुर्घटना हुँदा ४ जनाको मृत्यु, २३ घाइते

मनिला, ११ पुस (सिन्ह्वा) । फिलिपिन्सको लुजोन टापुस्थित कामारिनेस सुर प्रान्तमा शुक्रबार बिहान यात्रुवाहक बस दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन् । प्रहरीका अनुसार मेट्रो मनिलाबाट दक्षिणतर्फ गइरहेको बस डेल गालेगो नगरपालिकाको राजमार्गमा अनियन्त्रित भई सडकभन्दा तल खसेको हो । बसमा चालक र सह-चालकसहित २७ जना सवार थिए ।

सडकभन्दा तल रहेका रूखहरूले बसलाई थप तल खस्नबाट रोकेकाले ठुलो क्षति हुनबाट जोगिएको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण पत्ता लगाउन प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

# संयुक्त राष्ट्रसङ्घद्वारा बुशरा बीबीको हिरासतको अवस्थाको आलोचना

जेनेभा (स्विट्जरल्यान्ड), ११ पुस (एएनआई) । यातनासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकले पाकिस्तानका पूर्व प्रधानमन्त्रीकी पत्नी बुशरा बीबी खानको नजरबन्दको अवस्थाको आलोचना गर्दै उहाँको अवस्था अन्तर्राष्ट्रिय मापदण्डभन्दा न्यून रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रका विज्ञले उहाँलाई शारीरिक र मानसिक अखण्डतामा गम्भीर खतरा निम्त्याउन सक्ने अवस्थामा हिरासतमा राखिएको चेतावनी दिएका छन् भने अधिकारीहरूलाई यथा शिघ्र स्थितिलाई सम्बोधन गर्न आग्रह गर्दै संयुक्त राष्ट्र मानव अधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले एक विज्ञप्ती जारी गरेको छ ।

"बुशरा बीबी खानको स्वास्थ्यको रक्षा गर्न र मानवीयतासहितको नजरबन्दको अवस्था सुनिश्चित गर्न राज्यको दायित्व भएको यातनासम्बन्धी संयुक्त राष्ट्रसङ्घकी विशेष प्रतिवेदक एलिस जिल एडवर्ड्सले बताउनुभएको छ ।

ओएचसीएचआरको प्रेस विज्ञप्ति अनुसार बुशरा बीबी खानलाई एउटा सानो, हावा नआउने कोठामा राखिएको र उक्त स्थानमा कीराहरूलगायतको सङ्क्रमणको डर भएको जनाइएको छ । उहाँलाई अशुद्ध पिउने पानी र अत्यधिक खोर्सानी राखेको खाना दिइएको पनि बताइएको छ ।

उहाँको अवस्था न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डभन्दा तल रहेको उल्लेख गर्दै एडवर्ड्सले "कुनै पनि कैदीलाई अत्यधिक गर्मी, दूषित खाना वा पानी, स्वास्थ्य समस्या बढाउने गरी नजर बन्दमा राख्न नहुने बताउनुभएको छ ।

विशेषज्ञले पाकिस्तानलाई नजरबन्दको अवस्था र स्थानहरूले कैदीहरूको उमेर, लिङ्ग र स्वास्थ्य परिस्थितिलाई ध्यानमा राख्नुपर्ने कुरासमेत सुझाउनुभएको छ ।

प्रतिवेदनले बुशरा बीबी खानलाई दिनको २२ घण्टाभन्दा बढीको लागि, व्यायाम, पठन सामग्री, कानुनी सल्लाह, परिवार भ्रमण, वा उहाँको व्यक्तिगत चिकित्सकहरूको पहुँचबिना प्राय: पूर्ण एकान्तवासमा राखिएको जनाएको छ ।

विशेष प्रतिवेदकले औपचारिक रूपमा बुशरा बीबी खानको अवस्थालाई पाकिस्तान सरकारसमक्ष राखी घटनाक्रमलाई नजिकबाट निगरानी गर्ने जनाउनुभएको छ ।

यसैबिच, मङ्गलबार पाकिस्तानको एक स्थानीय अदालतले पिटिआईका संस्थापक इमरान खान र उहाँकी पत्नीलाई लागेका मुद्दाहरूमा अन्तरिम जमानत विस्तार गरेको छ, भने इमरान खानलाई अर्को सुनुवाइमा व्यक्तिगत रूपमा वा भिडियो लिङ्कमार्फत उपस्थित हुन निर्देशन दिएको छ ।

# चीनको उच्चगतिको रेल नेटवर्कले ५० हजार किलोमिटर पार गऱ्यो

पेइचिङ, ११ पुस (एएफपी) । जनवादी गणतन्त्र चीनको उच्च गतिको रेल नेटवर्कले शुक्रबार नयाँ रेललाइन सञ्चालनमा आएसँगै कुल सञ्चालन दूरी ५० हजार किलोमिटर पार गरेको छ । सरकारी सञ्चारमाध्यमले जनाएअनुसार यो उपलब्धिसँगै चीनले विश्वकै सबैभन्दा ठुलो रेल सञ्जाल भएको देशको हैसियतलाई अझ बलियो बनाएको छ ।

चीनसँग रहेको रेल सञ्जालको कुल लम्बाइ पृथ्वीको परिधिभन्दा करिब पाँच दोब्बर रहेको बताइएको छ । यसले देशभित्रको आवागमन मात्र नभई, क्षेत्रीय आर्थिक एकीकरण र विकासलाई समेत तीव्र बनाएको सरकारी अधिकारीहरूको भनाइ छ ।

राज्य प्रसारक सिसिटिभीका अनुसार नयाँ उच्चगतिको रेल सेवा चीनको ऐतिहासिक र सांस्कृतिक रूपमा प्रसिद्ध टेराकोटा योद्धाहरूको घर सिआन सहरबाट सुरु भई उत्तरतर्फ यानान सहरसम्म सञ्चालनमा आएको हो । यी दुवै सहर उत्तरी चीनको साङ्सी प्रान्तमा पर्दछन् ।

यस रेल परियोजनाको निर्माण सन् २०२० मा सुरु हुँदा केही घरहरू भत्काउनु परेको थियो । त्यतिबेला विस्थापित हुनुपरेका बासिन्दाहरूलाई प्रतिघर पाँच हजार युआन (करिब ७०० अमेरिकी डलर) का दरले स्थानान्तरण भत्ता उपलब्ध गराइने स्थानीय अधिकारीहरूले जानकारी दिएका थिए ।

राज्यको स्वामित्वमा रहेको चाइना रेलवेले शुक्रबार जारी गरेको विज्ञप्तिमा सन् २०२० को तुलनामा चीनको समग्र रेल नेटवर्क करिब ३२ प्रतिशतले विस्तार भएको उल्लेख गरिएको छ । यसलाई यातायात पूर्वाधारमा गरिएको दीर्घकालीन लगानीको परिणामका रूपमा हेरिएको छ ।

सिआन-यान उच्चगतिको रेल लाइनको कुल लम्बाइ २९९ किलोमिटर रहेको छ । सबैभन्दा छिटो यात्रामा यस दूरी पार गर्न ६८ मिनेट मात्र लाग्ने सिसिटिभीले जनाएको छ । यो सेवाले दुवै सहरबिचको दूरीलाई उल्लेखनीय रूपमा छोट्याएको छ ।

सि९३०९ नामक ट्रेन अधिकतम ३५० किलोमिटर प्रतिघण्टाको गतिमा सञ्चालन हुने बताइएको छ । यस गतिले जापानको प्रसिद्ध शिन्कान्सेन रेललाई समेत उछिनेको छ, जसको अधिकतम गति ३२० किलोमिटर प्रतिघण्टा रहेको छ ।

यसैबिच, पेइचिङले आफ्नो बेल्ट एन्ड रोड इनिसिएटिभअन्तर्गत अन्य एसियाली मुलुकहरूमा पनि रेल पूर्वाधार विकासका लागि आर्थिक सहयोग गर्दै आएको छ । विश्वव्यापी पूर्वाधार परियोजनाहरूलाई सहयोग गर्ने उद्देश्यले सुरु गरिएको उक्त पहलअन्तर्गत केही योजनाहरू सफलतापूर्वक अघि बढिरहेका छन् भने केही परियोजना रोकिएका वा विवादमा परेका छन् भन्ने तथ्य पनि सार्वजनिक रूपमा स्वीकार गरिएको छ ।

# नाइजेरियामा आइएसविरुद्ध अमेरिकी हवाई आक्रमण

पाम बिच, ११ पुस (एएफपी) । राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तरपश्चिमी नाइजेरियामा इसाई समुदायमाथि भइरहेको कुनै पनि प्रणालीगत आक्रमणप्रति कडा चेतावनी दिनुभएको केही हप्तापछि अमेरिकी सेनाले क्रिसमसको दिन इस्लामिक स्टेट ( आइएस) समूहका लडाकूहरूविरुद्ध 'शक्तिशाली र घातक' सैन्य आक्रमण सुरु गरेको बताइएको छ ।

नाइजेरियाको विदेश मन्त्रालयले शुक्रबार बिहान जारी गरेको विज्ञप्तिमा उक्त हवाई आक्रमणको पुष्टि गर्दै यसलाई देशभित्रका 'आतङ्कवादी लक्ष्यहरूमा गरिएको सटीक आक्रमण' भनेर वर्णन गरेको छ । मन्त्रालयका अनुसार यो कारबाही नाइजेरियाको अनुरोध र अन्तर्राष्ट्रिय साझेदारीको सन्दर्भमा सम्पन्न भएको हो ।

# 'हजारौँ विजय' : केही घोत्ल्याइँ

**• सुरेश**

आजभोलि एउटा फेसन चलेको छ - मानवीय स्वभावको; ह्युमन नेचरको । कोहीकसैले नकाम गऱ्यो वा कुभाव राख्यो कि 'त्यो त मानवीय स्वभाव हो' भनिन्छ । कतिसम्म भने पञ्चशील पालन गर्नेहरूले समेत 'मान्छे जन्मजात स्वार्थी हुन्छ' भनेको सुनिन्छ । मान्छे आत्मरक्षात्मक जरुर हुन्छ । तर, यसको अर्थ ऊ 'म नै म' ले मैमत्त हुन्छ र उसले सामूहिक भलो चिताउँदै चिताउन्न भनी मान्न सकिन्न । यसका हजारौँ प्रमाण दिन सकिन्छ । दोस्रो विश्वयुद्धमा सोभियत जनताले गरेको उदात्त बलिदान यसको एउटा बलियो र अकाट्य प्रमाण हो ।

सुपरिचित लेखक रामविन्दु श्रेष्ठको हालै प्रकाशित पुस्तक 'हजारौँ विजय' पढेपछि यस्ता धेरै कुरा मनमा खेल्छन् । पुस्तकले चित्तमा कोरेका यिनै विचार र भावनाका तरेलीमा लहरिने प्रयास हो यो चर्चा ।

दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) लाई रुसीहरू 'महान् देशभक्तिपूर्ण युद्ध' भन्छन् । सोभियत जनताका शुभचिन्तकहरूले यो वर्ष ८० औँ विजयोत्सव धुमधामले मनाए । नाजी जर्मनीमाथि सन् १९४५ मा सोभियत लालसेनाले हासिल गरेको विजयको उपलक्ष्यमा गत मे महिनामा यो उत्सव मनाइएको थियो । मे महिनामा निस्किनुपर्ने 'हजारौँ विजय' डिसेम्बरमा छापियो । नत्र सोभियत सङ्घको उन्नत शिक्षा, योग्यता र आत्मीयता पाएर देश-विदेशका उच्च ओहोदामा पुगेकाहरूले पैसा नलिई केही नगर्ने, नलेख्ने, नबोल्ने र नसोच्ने प्रवृत्ति विश्वभरि पाइन्छ । कृतघ्नताको दूषित माहोलबिच आक्कलझुक्कल आशाका दियोहरू बल्छन् । 'हजारौँ विजय' एक यस्तै दियो हो ।

### किताबमा के छ ?

'हजारौँ विजय' एक सङ्गालो हो । यसमा लेखकले विभिन्न समयमा लेखेका लेख, टिपोट र उल्था गरेका साहित्यहरू छन् । तर, सबैको मियो एउटै हो - महान् देशभक्तिपूर्ण युद्धमा सोभियत जनताले भोगेका दुःखपीडा; हजारौँ वर्ष शासन गर्ने फासिवादी मनोकाङ्क्षालाई बर्लिनमा गाढेर संसारलाई तिनीहरूले लगाएको तिरिनसक्नु गुन; र, आजभोलि त्यो गुनको बदलामा रुसी जनताले पाइरहेको बैगुन ।


सन् १९४१ को जून २२ मा नाजी जर्मनीले कम्युनिस्ट रुसमाथि आक्रमण गऱ्यो । नाजी जर्मनीले सोभियत रुसविरुद्ध चलाएको 'अपरेसन बारबारोसा' मा रुसी जनताले पाएका अनेकन पीडाको मार्मिक चित्रणबाट पुस्तक सुरु हुन्छ । साना कलिला बालबालिकादेखि बुढापाका कसैलाई बाँकी छोडेनन् जातिवादी जर्मनहरूले । बाटामा आएजति सबैलाई उनीहरूले यातना दिए, मारे, गाउँबस्ती जलाए, पूर्वाधार भत्काए ।

नाजी सेनाले मूलतः तीन स्थानमा आक्रमण गर्ने उद्देश्य राखेको थियो - लेनिनग्राद (पिटर्सबर्ग), राजधानी मस्को र स्तालिनग्राद । लेखकले यी तीनै स्थानका युद्धहरूको शब्दचित्र कोरेका छन् । साथमा, उनले रझेभको रक्तपातबारे पनि विस्तृत वर्णन गरेका छन् । पुस्तकमा जातिवादीहरूको ज्यादती मात्र छैन बरु सोभियत जनताको प्रतिरोध, जुझारु वीर-वीरङ्गनाहरूको मर्मस्पर्शी चर्चा छ ।

स्तालिनग्रादको लडाइँ विश्वयुद्धकै निर्णायक मोड साबित भयो । स्तालिनग्रादमा एकैचोटि हिटलरका विश्वासपात्र जनरल पाउलससँगै २४ नाजी जनरल, २५ सय अफिसर र ९१ हजार सिपाहीलाई लालसेनाले घेराबन्दीमा पाऱ्यो । यसपछि सोभियत लालसेना कहिल्यै पछि हट्नुपरेन । अप्रिलमा लालसेनाले बर्लिनमा विजय झन्डा फहरायो ।

यसबिच लालसेनाले युरोपका ११ देशलाई मुक्त गऱ्यो, लाखौँ यहुदीजनलाई नाजी यातनागृहबाट मुक्त गऱ्यो । यसको लागि लालसेनाले अथाह रगतको आहुति दियो । 'हजारौँ विजय' तथ्याङ्कहरूको भरपर्दो सङ्ग्रह पनि बन्न पुगेको छ । जस्तो, हिटलरले पोल्यान्डमाथि आक्रमण गरेर दोस्रो विश्वयुद्ध सुरु गरे । पोल्यान्डमा नाजी सेनाले ६० लाख मानिस माऱ्यो । त्यहाँ उसले ४५७ वटा यातनागृह र श्रमशिविर खडा गरेको थियो । यी यातनागृहसहित समग्र पोल्यान्डलाई मुक्त गर्न ६ लाख २१२ लालसेनाले आफूलाई बलि चढाएका थिए ।

पुस्तकको बाँकी आधा भागमा लेखकले पछिल्लोपल्ट युरोपका बैगुनी सरकारहरूको चर्चा गरेका छन् । विश्वयुद्धका क्रममा सोभियत योद्धाहरूको सम्मानमा भव्य स्मारक र मूर्तिहरू स्थापना गरिएको थियो । पछिल्लोपल्ट युरोपका विभिन्न देशमा ती स्मारक ढलाउने, लालसेनालाई विस्तारवादी-हस्तक्षेपकारी भनी लाञ्छना लगाउने, हाकाहाकी फासीवादको गुणगान गाउने र इतिहास बङ्ग्याउने चलन बढेकोमा लेखक चिन्ता प्रकट गर्छन् । जसलाई जोगाउन लालसेनाका दसौँ लाख सैनिकले बलिदान दिए, तिनैलाई दुत्कार्दा लाज नै लज्जित हुनुपर्ने स्थिति छ; सत्य बुझेका मानिसहरूले संसारभरिबाट आवाज घन्काउनुपर्ने स्थिति छ ।




### पृष्ठभूमि र अनुभूति

युरोपकै पिछडिएको देश रुसमा सन् १९१७ मा समाजवादी अक्टोबर क्रान्ति भयो । पचासौँ वर्षदेखि त्यहाँका प्रगतिशील बुद्धिजीवीहरूले साँचेको सपना पूरा भयो । तर, पश्चिमा साम्राज्यवादीहरूले एक पिछडिएको देशले क्रान्ति गरेकोमा कहिल्यै माफ गरेनन् । सुरुदेखि नै बेलायत, फ्रान्स, अमेरिका, जर्मनी जस्ता पश्चिमा 'उन्नत' देशले सोभियत सङ्घको घाँटी थिच्ने अभियान थाले । तर, उनीहरू पराजित भए ।

स्तालिनको नेतृत्वमा सोभियत जनताले पश्चिमाहरूले सयौँ वर्ष लगाएर गरेको प्रगति एक दशकमै गरेर देखाइदिए । यो पनि पश्चिमाहरूलाई पचेन । यसकारण, भर्साइ सन्धिले सैन्यकरण गर्न रोक लगाएको जर्मनीको सैन्यकरणमा पश्चिमाहरूले ठुलो मद्दत गरे । किन ? बोल्शेभिक रुसलाई दण्ड दिन । दोस्रो विश्वयुद्ध एक हिसाबले यही दण्ड थियो । पश्चिमाहरूले हरियो झन्डा फहराएकै हुनाले हिटलरी सेनाले रुसको ढोका मानिने पोल्यान्डमाथि आक्रमण गऱ्यो ।

दोस्रो विश्वयुद्धमा २ करोड ७० लाख सोभियत जनताले बलिदान दिएर १४१८ दिनमा हिटलरलाई उसकै घरमा आत्महत्या गर्न बाध्य पारे । यसबिच लालसेनले एसियाका २ र युरोपका ११ देशलाई मुक्त गऱ्यो । 'पिछडा जाति' ले आफूलाई मुक्त गरेकोमा युरोपले कहिल्यै सोभियत जनतालाई माफ गरेन । पुस्तकमा मार्शल झुकोभको भनाइ छ - हामीले तिनीहरूलाई मुक्त गऱ्यौँ र यसका लागि तिनले हामीलाई कहिल्यै माफी दिनेछैनन् । परिणाम, आज युरोपमा नाजीहरूको गुणगान गाइँदै छ र सोभियत सेनाको उदात्त इतिहास केरमेट गरिँदै छ ।

तीन महिनाभित्रै सारा युरोप फासीवादी सेनाको आहार बन्यो । कोही पनि टिक्न सकेन । बेलायतजस्ता टिकेका देशहरू पनि हिटलरलाई रिझ्याउने नीतिले गर्दा टिकेका थिए । बेलायत र अमेरिकाले हात बाँधेर बसे । युरोपलाई मुक्त गर्न कोही आएन । यस्तो स्थितिमा आफ्नो देशलाई मात्र होइन, सारा युरोपलाई जातिवाद, नश्लवाद र फासीवादबाट जोगाउने जिम्मेवारी सोभियत जनताले पूरा गरे ।

यी सबै तथ्यको भावभूमिमा पुस्तक पढ्दा बेलाबेला भावविह्वल भइन्छ । सबथोक नयाँ नयाँ तथ्याङ्क पढ्न पाउँदा विस्मयमा परिन्छ । पुस्तक पढ्दै जाँदा कतै भावनाको उडान आउँछ त कतै विचारको ओजस्वी छालले छुन्छ । मानव जातिप्रति, भावी पुस्ताप्रति कर्तव्यबोध गराउँछ । सभ्यताको त्यो उचाइ हामीले फेरि कसरी छुने भनेर बारम्बार घचघच्याउँछ ।

'हजारौँ विजय' दिमागले भन्दा बढी दिलले लेखिएको पुस्तक हो । दिमाग हुनेहरू हिसाबकिताबमा लाग्छन्, मनबाट मात्र यस्तो पुस्तक लेख्न सम्भव हुन्छ । यद्यपि, पुस्तकमा ठोस तथ्यतथ्याङ्क पस्किँदै लेखकले आफ्नो भावना र भविष्यप्रतिको आशालाई बलियो आड दिएका छन् । इतिहासलाई जस्ताको तस्तै प्रस्तुत गर्न उनले धेरै पुस्तक र दस्तावेज पनि छिचोलेका छन् ।

### त्यो सोभियत सभ्यता

अक्टोबर क्रान्ति क्रान्तिहरूको इतिहासमा फगत अर्को क्रान्ति थिएन । त्यो त नयाँ सभ्यताको थालनी थियो । सभ्यताको मर्म थियो - प्रत्येक व्यक्ति सबैका लागि र सबैजना एकएक व्यक्तिका लागि । त्यो सभ्यताको सिलसिला दोस्रो विश्वयुद्धमा पनि देखियो । दोस्रो विश्वयुद्ध कम्युनिस्ट र पुँजीवादीहरूबिचको लडाइँमा मात्र थिएन । अन्तर्राष्ट्रिय भाइचारा र एक जातिको सर्वोच्चताको सिद्धान्तबिचको युद्ध पनि थियो त्यो । यसबारे लेखक लेख्छन्, "युद्धमा जर्मनीले जातीय श्रेष्ठताको एक कुरूप विचारधारा अघि बढाएको थियो, जसले कुनै जातीय समूहको विनाशलाई वैध ठान्यो । यसको विपरीत सोभियत सङ्घले साम्यवादको आदर्शलाई अङ्गालेको थियो जसको मुख्य विचार विश्वव्यापी समानता र यस ग्रहका सबै मानिसको लागि खुसीको खोजी थियो । यसले सोभियत देशप्रति विश्वभरका मानिसहरूको सहानुभूति दिलायो ।" अन्ततः सोभियत सङ्घका १०० भन्दा बढी जातिले गोलबन्द भएर हिटलरको सर्वश्रेष्ठ 'आर्य जाति' लाई धुलो चटाए । के किसान ? के मजदुर ? के कार्यकर्ता ? के नेता ? सबैका छोराछोरी युद्धमा गए । भनिन्छ, दोस्रो विश्वयुद्धमा ज्यान नगुमाएको रुसमा कुनै परिवार छैन । देशका ठुलाठुला नेताका छोराछोरी, भाइभतिजा र भान्जाभान्जीले पनि देशको लागि सहादत दिए । स्तालिनले छोरा गुमाए, मिकोयानले भान्जा र छोरा गुमाए । नेताका छोराछोरीले पनि साधारण जनताले जस्तै युद्ध भोगे ।

पुस्तकमा युद्धका कथा-व्यथा मात्र छैनन्; प्रतिरोधको भावना र सङ्घर्षको दर्शन पनि छ ।

नाकाबन्दीले गर्दा भोकभोकै मर्न थालेकी लेनिनग्रादकी 'मुसासँग खाना बाँड्ने' नानी; बाबुसमान लालसैनिकलाई जोगाउन बरफले जमेर मर्ने ११ वर्षकी बालिका; नाजीहरूविरुद्ध आफ्नै हिसाबले लड्ने देवित्सा गाउँका ७ बालक; स्तालिनको नाममा प्रतिरोध जारी राख्न हाँसीहाँसी फाँसी चढ्ने जोया; आफ्नो लोग्नेको बदला लिन सैन्य तालिम लिएर लड्न जाने मारिया; शत्रुमाथि चट्याङझैँ बज्रिने सोभियत युवतीहरू, मुटुका टुक्रासरि नौ जना छोरालाई युद्धमा गुमाउने आमा; टुहुरा बालबच्चालाई हुर्काउन ज्यान दिने आमा; युद्धले ध्वस्त देशबाट सारा देशवासीको नाममा आदेश नं. २७७ जारी गर्ने स्तालिन; आगन्तुकहरूलाई उच्च मानवीय भावनाले ओतप्रोत पार्ने ममायेभ कुर्गानकी अजेय आमा; 'हजारौँ विजय' पढ्ने पाठकका दिलदिमागबाट यी दृश्य कहिल्यै नहराऊन् । सारा संसारका आदर्श बनून् उनीहरू ।

जीवनमुखी दर्शनका लागि, भव्य स्मृतिका लागि 'हजारौँ विजय' का सत्यान्वेषी लेखक रामविन्दु श्रेष्ठलाई धेरै धन्यवाद ! देशलाई माया गर्ने, संसारका बहुजनलाई अङ्गाल्न चाहने प्रत्येक नेपालीले यो सरल, सरस र सादा पुस्तक पढून् ।

लघुकथा

## रमा भाउजूको दोष

**- प्रेम. के. निडर**

रमा भाउजूको बोली र व्यवहार अनि उनको निर्भिकता देखेर टोल छिमेकीहरू सबै अचम्मित हुने गर्दथे । हुन पनि उनको बोलीले कतिले न्याय पाएका छन्, कतिको काम बने । सोझा सिधालाई ठग्न पाएन, शोषण गर्न पाएन । उनी आफै भन्ने गर्दथे, "म आफूमाथि अन्याय भएको सहन्छु । तर, कसैमाथि अन्याय भएको देख्न सक्दैन ।"

रमा भाउजू मध्यम वर्गीय परिवारका थिए । उनको परिवार पुरानो संस्कारको थियो । त्यस परिवार र समाजमा देखेका कतिपय अव्यवहारिक संस्कारहरू उनलाई मन पर्दैनथ्यो र असन्तुष्टी पोख्थे । तर, उनको असन्तुष्टि र विरोध उनको परिवार र समाजलाई पच्दैनथे । उनको प्रशंसा नचाहनेहरू उनको हर काममा गिद्देदृष्टि लगाउने र चुकलीमा छुट्टै भान्छा बनाउनु परे पनि उनी डग्मगाएनन् ।

एकदिन टोलका फोहर उठाउन सुति बजाउँदै फोहरको गाडी आयो । टोलका केटाकेटी, अर्धबैँसे मान्छेहरू, महिला दिदी बहिनीहरू घरको फोहर फाल्न आउँदै थिए । फोहरको झोला बोकेर रमा भाउजूको ससुरा पनि फोहर फाल्न आए । बुढो मान्छे फोहर फाल्न आएको देखेर एक जना चुकलीवाला अर्धबैँसे महिलाले बुढोप्रति दया देखाएर सोधिन्, "दाइ, भाउजूलाई सञ्चो छैन कि के हो ? भाउजूलाई नपठाइकन आफैँ आउनुभयो ।"

"अँ, अलि सञ्चो छैन रे । आफैले लिएर आएँ ।" भन्दै रमा भाउजूको ससुरो फोहरको झोला फालेर आफ्नो बाटो लागे ।

बुढो गएपछि त्यस चुकलीवाला महिलाले अर्को फोहर फाल्न आएकी महिलातिर हेरेर भनिन्, " भान्छा छुट्टै भए पनि समाजसेवी भनेर हिँड्ने गफाडीले फोहर त फालिदिन सक्थ्यो होला नि सासूलाई सञ्चो नभएको थाहा पाएपछि । अरुलाई भन्न पो सजिलो छ ।"

अर्को महिलालाई पनि रमा भाउजूको बोली र बानी मन नपरेको थिएन । उनले पनि रमा भाउजूप्रति लक्षित गर्दै भनिन्, "वृद्ध सासू ससुरालाई भिन्दै राखेर खान मनपर्ने त्यस्ता लाज पचेकाहरूलाई सासू सन्चो होस् वा नहोस् के मतलब ? यहाँ शासक नेताहरूले जे गरेनि हुन्छ, जे भनेनि हुन्छ । कसले भन्ने आँट गर्छ ?"

समाजसेवी रमा भाउजूमाथि घृणाका शब्द प्रहारहरू सुन्नु पर्दा मलाई पनि अप्ठेरो महसुस भयो । महिलाहरूको शत्रु नै महिलाहरू हुने र समाजमा न्यायको पक्ष लिने, सत्य बोल्ने मानिसहरू आँखाको धुलो सम्झिने कुरा थाहा थियो । आज पनि मैले रमा भाउजूमाथि त्यहीँ देखेँ र सुनेँ । मानिसको हजार गुणलाई एउटै अवगुणले खाइदिनेरहेछ । समाजमा उनको दोष अरु केही होइन वृद्ध सासू ससुराहरूबाट भिन्दै बसेको देख्नु ।

## नयाँ झन्डा, पुरानै रोग

**✍ सत्य सुवाल**

*हरेक चुनावमा नयाँ नारा जन्मिन्छ*
*"आजै देश बदलिन्छ ।"*
*नयाँ पार्टी आउँछ,*
*युरोप-अमेरिकाको सपना बाँडिन्छ ।*
*जनता पत्याउँछन्,*
*किनकि विकल्प नहुनु बाध्यता हो ।*
*तर समयसँगै देखिन्छ*
*अनुहार नयाँ,*
*सोच पुरानै ।*
*आज नयाँ भनिएका पार्टीमा पनि*
*उही रोग छ*
*पदको भोक ।*
*सबैलाई ठुलो कुर्सी चाहिन्छ*
*सानो बन्ने आँट कसैमा छैन ।*
*सबै सभापति,*
*सबै प्रधानमन्त्री*
*देश चाहिँ भाषणमै सीमित ।*
*हिजो पुरानो पार्टीको विरोध गरे*
*'सचेत' भनिन्थ्यो,*
*आज नयाँ झन्डामुनि*
*उही रडाको दोहोरिँदै छ ।*
*कुनै बेला काङ्ग्रेस आशा थियो,*
*एमाले स्थायित्व,*
*माओवादी परिवर्तन*
*तर सत्ता आएपछि*
*सबैको आत्मा साटियो ।*
*आज नयाँ भनिएका दलहरू*
*त्यही पुरानो बाटोमा छन्*
*त्यागभन्दा सौदाबाजी भारी ।*
*देश प्रेम कुर्सीबाट हुँदैन,*
*त्यागबाट हुन्छ ।*
*राजनीति सेवा हुनुपर्ने हो,*
*तर व्यापार बनेको छ ।*
*दल नयाँ-पुरानो होइन,*
*नियत सही कि गलत*
*त्यही हो प्रश्न ।*
*नियत फेरिएन भने*
*नयाँ पार्टी पनि*
*पुरानो इतिहासको*
*अर्को अध्याय मात्रै हो ।*
*अब जनताले सोध्न थालेका छन्*
*हामी नेता खोज्दै छौँ*
*कि*
*साँच्चै देश बनाउने मान्छे ?*

लघुकथा

## अभिभावक भेला

**- गङ्गा**

आज विद्यालयले कक्षा ८ को दोस्रो त्रैमासिक परीक्षाको परीक्षाफल वितरण तथा अभिभावक भेला राखेको थियो । विद्यालयको निमन्त्रणा पत्रअनुसार अभिभावकहरू सभाहल भरिए । विद्यालयका प्रधानाध्यापकले सबै अभिभावकलाई स्वागत गर्दै भन्नुभयो, "विद्यालयको विकास र विद्यार्थीको भविष्य उज्ज्वल पार्न यहाँहरूको पनि ठुलो हात हुन्छ । यसमा रथको एउटा पाङ्ग्रा तपाईंहरू हुनुहुन्छ भने अर्को पाङ्ग्रा हामी विद्यालय हौँ । यसमा बसेर गन्तव्यमा पुग्ने विद्यार्थीहरू हुन् । यो रथलाई सलल गुडाउन हामी दुबै त्यतिकै सक्रिय र सचेत हुनु आवश्यक छ । त्यसैले हजुरहरूको समस्या, गुनासो र महत्त्वपूर्ण सुझाव र सहयोगको लागि म अनुरोध गर्दछु ।"

त्यसपछि एकजना अभिभावकले सबैलाई नमस्कार गर्दै आफ्नो समस्या बताए,"मेरो छोराले त कहिल्यै होमवर्क गर्दैन, मोबाइल मात्रै हेरेर दुःख दियो के गर्ने सर ?" अर्को अभिभावकले भने,"हामी त रोजीरोटीको लागि बिहानै काममा जानुपर्ने मान्छे, छोरो स्कूल पुग्यो कि पुगेन थाहा हुँदैन ।" उसका साथीहरू भन्छन्, "तपाईंको छोरा त बिच बाटोमा पुगेपछि स्कूल ड्रेस किताब भएको झोलामा हाल्छन् अनि अर्को लुगा लगाएर खराब केटाहरूसँग चुरोट खाँदै घुमिरहेका हुन्छन् । छुट्टिको समयमा घर आइपुग्छन्; कहिलेकाहीँ त घर नै आउँदैनन् । के गर्ने सर ? बर्बाद नै हुने भयो ।" अर्को अभिभावकले भने,"मेरी छोरीले त मोबाइल हेर्दै श्रृङ्गारपतार मात्रै गर्छ, होमवर्क कहिल्यै पनि गर्दैनन् । हामीलाई पटक्कै टेर्दैनन् । अब के गर्ने ? यी हेर्नुस् मार्कसिटमा सबै ल्न मात्र छन् ।" अरु सबै अभिभावकले पनि एक स्वरमा भने, "हाम्रो पनि समस्या त्यही नै हो ।"

यी सबै समस्या र विकृतिको जिम्मेवार सरकार हो । समाज र हामी पनि हौँ । हाम्रा अनि देशका अमूल्य सम्पत्ति भनेकै उनीहरू नै हुन् । भोलि देश बनाउने, उनीहरू नै हुन् । जसरी बिरुवा रोप्दैमा फल लाग्दैन । त्यसको लागि बरोबर गोडमेल, पानी दिनुपर्छ र हेरचाह गर्नुपर्छ । त्यसरी नै उनीहरूलाई पनि हेरचाह गर्नुपर्छ । विद्यालयमा भर्ना गरिदिएर मात्रै पुग्दैन । बरोबर विद्यालयमा आएर सन्तानको पढाइ र संस्कारबारे बुझ्नुपर्छ । हामी घरका शिक्षकबाट पनि सिक्ने र प्रेरणा लिने हुँदा हामी पनि अध्ययन, मेहनती र संस्कारी हुनु आवश्यक छ भन्दै सबैलाई धन्यवाद दिएर प्रधानाध्यापकले अभिभावक भेला सम्पन्न भएको घोषणा गर्नुभयो । पढाइ र देशलाई माया गर्ने सक्षम नागरिक बनाउन जस्तोसुकै काम भए पनि बरोबर विद्यालय आउने प्रण गर्दै अभिभावकहरू बिदा लिएर घर गए ।

# कीर्तिपुरमा स्तालिन र माओ दिवस मनाइयो




कीर्तिपुर, ११ पुस । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा सर्वहारावर्गका महान् गुरूद्वय स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ जन्मदिवसको अवसरमा कीर्तिपुर नगरपालिका वडा नं. ५ मा शुक्रबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई आत्मसात गर्दै देशमा समाजवादी क्रान्तिलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

स्तालिन र माओ त्सेतुङले रूस र चीनमा अन्याय अत्याचारविरूद्ध समाजवादी समाज स्थापना गर्न खेलेको भूमिकाबाट शिक्षा लिँदै समाज परिवर्तनमा सक्रिय हुनु जरूरी रहेको बताउनुभयो ।

पूर्व केन्द्रीय सदस्य श्रीकृष्ण महर्जनले रूसमा भएको सन् १९१७ को समाजवादी क्रान्ति र चीनमा सन् १९४९ मा भएको जनवादी क्रान्तिबाट शिक्षा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कीर्तिपुर नगर समितिका उपाध्यक्ष विन्द्रा महर्जनले उदारवादबारे आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

**भाषा...**

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले नाचगानको राजधानी भक्तपुरलाई सार्थक रूप दिन स्थानीय स्तरबाट भएका यस्ता महोत्सव आयोजनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तालाको क्षेत्र ऐतिहासिक र सांस्कृतिक रूपमा पनि महत्त्वपूर्ण ठाउँ भएकोले यसको संरक्षण, संवर्धन र प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं हाकुज्या प्रजापति समाजका अध्यक्ष बालकृष्ण प्रजापतिले कार्यक्रमलाई भव्य, सभ्य र सफल बनाउन सबैको साथ र सहयोग रहने अपेक्षा गर्दै भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा पनि यस्ता गतिविधिमा साथ दिँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं ४ का वडा सदस्य कृष्णसुन्दर प्रजापतिले कुम्ह त्वबाट परिचित यस ठाउँमा जन्मदेखि मृत्युसम्मलाई चाहिने माटाका भाँडाकुँडाहरू बनाइने बताउँदै भक्तपुरको परम्परागत पेसालाई आधुनिकतासँगै परिमार्जित गरी अगाडि बढ्न सके नयाँ पुस्तालाई यसप्रति आकर्षित गर्दै लान सकिने बताउनुभयो ।

कार्यक्रम संयोजक उकेश प्रजापतिले भक्तपुरको मौलिक उत्पादन र सीपलाई संरक्षण गर्ने उद्देश्यले स्ट्रीट फेस्टिबलको आयोजना भएको बताउनुभयो ।

दुई दिन हुने फेस्टिभलमा खाद्य, कृषि, माटाका भाँडाकुँडाहरूको स्टल तथा प्रदर्शनी, सांस्कृतिक नाच र सांस्कृतिक प्रस्तुतिहरू रहने आयोजकले जनाएको छ ।


## उपभोक्ता अधिकारको संरक्षण गरौं।

❖गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
❖कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
❖नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
❖वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
❖वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं।
❖वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
❖निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
❖भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भेनेजुयलामा साम्राज्यवादविरुद्ध पेचिलो सङ्घर्ष

ल्याटिन अमेरिकी देश भेनेजुयलामा संरा अमेरिकी साम्राज्यवादको सहायतामा संसद् सदस्य ह्वान ग्वाइडोले आफूलाई 'अन्तरिम राष्ट्रपति' घोषणा गरेपछि त्यहाँको राजनीतिक विभाजन अझ गहिरो बनेको छ । ल्याटिन अमेरिकामा पछिल्ला केही वर्षयता विभिन्न देशमा फासीवादी शासकहरूको उदय भएको छ । संरा अमेरिकी प्रतिक्रियावादीवर्गको सहायतामा सत्तासीन ती शासकहरूले सो क्षेत्रमा रहेका वामपन्थी सरकारविरूद्ध एकपछि अर्को षड्यन्त्र र जालझेल गर्दै आएका छन् । फासीवाद र वामपन्थीबिचको सङ्घर्षको केन्द्र यतिबेला भेनेजुयला बनेको छ । केही समयअघि ब्राजिलमा भएको निर्वाचन फासीवाद र वामपन्थी खेमाबिचको रणमैदान बनेको थियो ।

ल्याटिन अमेरिकालाई आफ्नो 'करेसाबारी' ठान्ने उपनिवेशवादी मुनरो सिद्धान्त संरा अमेरिकी शासकहरूको दिमागमा अझै बलियो गरी बसेको छ । त्यो क्षेत्रमा आफूबाहेक अरू कुनै पनि शक्तिलाई संरा अमेरिकी शासकवर्ग प्रवेश निषेध गर्न चाहन्छ । ल्याटिन अमेरिकाका प्राकृतिक स्रोत साधनलाई आफ्नो स्वार्थअनुकूल प्रयोग गर्नु संरा अमेरिका आफ्नो अधिकार ठान्छ । ल्याटिन अमेरिकी जनतालाई आफ्नो देशमा भएका प्राकृतिक स्रोत आफ्नै हितमा प्रयोग गर्नबाट वञ्चित बनाइएको छ । त्यसै कारण ल्याटिन अमेरिकी देशहरू आफूसँग अथाह स्रोत साधन भएर पनि गरिबी र पछौटेपनमा बाँच्न बाध्य छन् । गएको सन् २०१८ को उत्तरार्द्धमा हजारौँ हजार होन्डुरियाली जनता संरा अमेरिकाले सिर्जना गरेको अभाव र पछौटेपनको बदला लिन लावालस्करका साथ अमेरिकी सिमाना पुगेका थिए । संरा अमेरिकी साम्राज्यवादका कारण होन्डुरसमा राजनीतिक अस्थिरता र आर्थिक विपन्नता भएको निष्कर्षका साथ ती जनता उत्तर अमेरिकाको यात्रामा निस्केका थिए । वाशिङटनको निम्ति त्यो ठुलो टाउको दुखाइको विषय बनेको थियो ।

संरा अमेरिकाको यस्तै उत्पीडनविरूद्ध ल्याटिन अमेरिकी देशमा भेनेजुयला आदि देशमा साम्राज्यवादविरोधी वामपन्थी सरकार छन् । ती देशका साम्राज्यवादविरोधी सरकार बन्ने गरेका छन् । बोलिभिया, क्युवा, निकारागुआ, वामपन्थी सरकार संरा अमेरिकी साम्राज्यवादको निम्ति ठुलो टाउको दुखाइको विषय बनेका छन् । त्यसकारण, संरा अमेरिका कानुनी र गैरकानुनी रणनीति प्रयोग गर्दै प्रगतिशील शक्तिलाई पराजित र सत्ताच्युत गर्न सदैव लागिरहेकै हुन्छ ।

भेनेजुयलामा यतिबेला ह्वान ग्वाइडोको कदम संरा अमेरिकाले धेरै देशमा विभिन्न समयमा गर्दै आएका यस्तै षड्यन्त्र र हस्तक्षेपको निरन्तरतामात्र हो । प्रजातन्त्र र संविधानवादको कुरा गरेर नथाक्ने संरा अमेरिकी शासकवर्ग अरू देशमाथि हस्तक्षेप गर्ने अवस्थामा भने कहिल्यै ती आदर्श पछ्याउने गर्दैन । माडुरो सरकार प्रजातान्त्रिक प्रक्रियाबाट बहुमत जनताले चुनेको सरकार हो । माडुरो सरकारविरूद्धको सत्ता विप्लवको प्रयासलाई संरा अमेरिकी सरकारले कुनै पनि अवस्थामा समर्थन गर्न प्रजातन्त्रको आदर्शले छेक्नुपर्ने हो । तर, साम्राज्यवाद संसारलाई आफ्नो तखतमा राख्न निर्लज्जतापूर्वक प्रस्तुत हुने गर्दछ । भेनेजुयलामा त्यही दृश्य देखिएको छ ।

भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेप गरेको अपराधको सजायस्वरूप माडुरो सरकारले संरा अमेरिकालगायत ल्याटिन अमेरिकी फासीवादी सरकारका प्रतिनिधिलाई ७२ घण्टाभित्र देश छोड्न आदेश दिएको थियो ।

भेनेजुयलाको विषयमा पश्चिमा सञ्चारमाध्यमले गलत प्रचार गरिरहेको कुरा नौलो होइन । आज पनि अधिकांश पश्चिमा सञ्चारमाध्यमले भेनेजुयलाको अवस्थालाई अतिरञ्जनापूर्ण प्रचार गरिरहेका छन् । इराकमा आमनरसंहारकारी आणविक हतियार भएको भन्दै संरा अमेरिका नेतृत्वको सैनिक गठबन्धनले त्यहाँ हमला गयो । तर, इराकमा त्यस्तो हतियार कहिल्यै भेटिएन । पश्चिमा सञ्चारमाध्यमले गरेका सबै प्रचार झूटा भएको घटनाक्रमले पुष्टि गरेको छ । आज भेनेजुयलाको विषयमा पश्चिमा सञ्चारमाध्यमले गरेको प्रचारयुद्धको नियत गलत छ । भेनेजुयलाको साम्राज्यवादविरोधी सरकार ध्वस्त बनाउनु नै उनीहरूको लक्ष्य देखिन्छ । तर, भेनेजुयलाका क्रान्तिकारी जनताले साम्राज्यवादविरूद्ध अन्तिम दमसम्म लडिरहनेछन् ।

***स्रोत : भेनेजुयला : हिजो र आज***
***११ माघ २०७५***


## हार्दिक समवेदना



**जन्म**: २००६।१२।१८
**निधन**: २०८२।०९।०९

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ९ तौलाछेँ टोल बस्ने यस संस्थाका सदस्यता नं. ४५७ का सदस्य **सीताराम कासिछ्वा**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-८, भक्तपुर



**वाग्मती प्रदेश, स्थानीय तह**
**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## अनलाइन बोलपत्र आह्वानको सूचना

गोरखापत्र दैनिकमा प्रकाशित मिति : २०८२/०९/०८ गते

भक्तपुर नगरपालिकाको लागि आवश्यक देहायका सवारी साधनहरू खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरूले आवश्यक कागजातसहित www.bolpatra.gov.np/egp मार्फत गो.प.मा प्रकाशित मितिले ३० (तीस) दिनभित्र अलग अलग Online Bid -Submission गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै सोको प्राविधिक स्पेसिफिकेसनको लागि यस कार्यालयको वेभ साइट www.bhaktapurmun.gov.np हेर्नुहुनसमेत सूचित गरिन्छ ।

**क) कार्यालयको विवरण**
**१. बैङ्कको नाम, ठेगाना** : नेपाल बैङ्क. लि. भक्तपुर
**२. खातावालाको नाम** : भक्तपुर नगरपालिका
**३. राजस्व शीर्षक नं.** १४२२९
**४. राजस्व खाता नं.** ०१९०३०००००१००१००००३
**५. कोड नं.** ८०१०३३३०२
**६ . धरौटी खाता नं.** ०१९०३०००००३००००००००३

**ख) सवारी साधनको विवरण तालिका**

| ठेक्का नं. | सवारी साधनको किसिम/ प्रकार | परिमाण | बोलपत्र फारम दस्तुर | बोलपत्र जमानत | कैफियत |
|---|---|---|---|---|---|
| bktmun/Goods/ NCB04/082/83 | Electric Utility Vehicle (Van type) seating capacity of 16-passengers including driver. | १ (एक) थान | 3,000.00 (तीन हजार) | 1,60,000.00 (एक लाख साठी हजार रुपैयाँ मात्र) | विवरणमा उल्लेख नभएको कुराहरू स्वीकृत प्राविधिक स्पेसिफिकेसनबमोजिम हुनेछ |
| bktmun/Goods/ NCB05/082/83 | Right Hand Drive model six-wheeler Heavy truck. | २ (दुई) थान | 3,000.00 (तीन हजार) | 4,00,000.00 (चार लाख रुपैयाँ मात्र) | |

**अन्तिम मिति** :२०८२/१०/०७ गते
**पेस गर्ने अन्तिम मिति/समय** : २०८२/१०/०८ दिनको १२:०० बजेसम्म
**खोल्ने मिति/समय** : २०८२/१०/०८ दिनको १:०० बजेसम्म



## हार्दिक समवेदना




**जन्म** २००६।१२।१८
**निधन** २०८२।०९।०९

यस मचो भैरव भजन मण्डलका आदरणीय गुरू **सीताराम कासिछ्वा**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मचो भैरव भजन मण्डल**
जैंला, भक्तपुर



## हार्दिक समवेदना



**जन्म** २००७/०८/०४
**निधन** २०८२/०९/०१

यस समूहका सदस्य राधेश्याम लवजूका पूजनीय पिता **मुतिबहादुर लवजू** को निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**इन्द्रेणी बचत समूह**

राधेश्याम लाखाजू | कृष्णराम लवजू | राजु कवां
लक्ष्मीसुन्दर सिंख्वाल | कृष्णराम सिंख्वाल | कविन कुस्मा
सनिस कर्माचार्य | राजेशमान कर्माचार्य | राजकुमार कुसाथा



## हार्दिक समवेदना



**जन्म** २००६ /१२/ १८
**निधन** २०८२ /०९/ ९

यस प्रगति पुस्तकालय कार्यसमितिका सचिव श्रीराम कासिछ्वाका पूजनीय पिता एवं श्री वाकुपति चाँगुनारायण मन्दिर परिसर सहयोग समितिका सहसचिव राज्यश्वरी ज्याख्व (कासिछ्वा) का ससुराबा **सीताराम कासिछ्वा** ब्रह्मलीन हुनुभएको आज चौथो दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रगति पुस्तकालय**
**प्रगति सामुदायिक सिकाइ केन्द्र**
**श्री वाकुपति चाँगुनारायण मन्दिर परिसर सहयोग समिति**
तौलाछेँ, भनपा-९


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा